# कोशी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन
## (आर्थिक वर्ष २०८२/८३)




## कोशी प्रदेश

## नेपाल राष्ट्र बैंक
## विराटनगर कार्यालय
## २०८३ जेठ

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले आफ्नो स्थापना कालदेखि नै वित्तीय क्षेत्रको सुदृढीकरण, आर्थिक स्थायित्वको प्रवर्द्धन तथा समग्र राष्ट्रिय आर्थिक विकासमा महत्वपूर्ण र अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । देवकोटा चोक, विराटनगरमा अवस्थित नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र बैंकिङ कारोबार, मुद्रा व्यवस्थापन, प्रदेश सरकारको खाता सञ्चालन तथा व्यवस्थापन, आर्थिक गतिविधि अध्ययन र विशेष अनुसन्धान जस्ता कार्यहरू निरन्तर रूपमा सम्पादन गर्दै आइरहेको छ । कोशी प्रदेशको आर्थिक अवस्थाको समग्र मूल्याङ्कन गर्ने उद्देश्यले यस प्रदेशका सबै १४ जिल्लामा भएका कृषि बाली तथा पशुपन्छी उत्पादन, मत्स्यपालन, सिँचाइ, वन क्षेत्र, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ तथा वित्तीय सेवाको पहुँच र वित्तीय सञ्जालको अवस्था, पूर्वाधार विकासको वर्तमान स्थिति, साथै ती क्षेत्रहरूमा रहेका चुनौती र सम्भावनाहरूलाई समेटी आर्थिक वर्ष २०८२/८३ का लागि प्रादेशिक अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यो प्रतिवेदन “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन, २०७९)” अनुरूप तयार पारिएको छ । प्रतिवेदन तयारीका क्रममा कोशी प्रदेशका १० जिल्लाबाट स्थलगत तथा बाँकी ४ जिल्लाबाट गैह्रस्थलगत रुपमा तथ्याङ्क सङ्कलन गरिएको छ । साथै, विभिन्न क्षेत्रहरूको प्रवृत्ति विश्लेषण गर्न द्वितीयक तथ्याङ्कहरूको उपयोग गरिएको छ । यस प्रतिवेदनमा विभिन्न सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, प्रदेशभित्र सञ्चालनमा रहेका औद्योगिक प्रतिष्ठान, विकास परियोजना तथा निजी क्षेत्रबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरी कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकासका प्रमुख क्षेत्रहरूको विश्लेषण गरिएको छ । त्यसैगरी, विषयवस्तुको सान्दर्भिकता र विश्वसनीयता अभिवृद्धि गर्न व्यवसायिक फर्महरूबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरी Case Study समेत समावेश गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय तथा व्यक्तिहरू, विषय विशेषज्ञहरूसँग गरिएको अन्तरक्रिया, छलफल तथा सर्वेक्षणकर्ताको विश्लेषणका आधारमा विभिन्न क्षेत्रगत चुनौतीहरू, सम्भावनाहरू तथा आगामी आर्थिक परिदृश्यलाई समेत समेटी प्रस्तुत् गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क समयमै उपलब्ध गराई सहयोग गर्ने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरू, निर्देशनालयहरू, सम्बन्धित परियोजनाहरू, औद्योगिक प्रतिष्ठानहरू तथा अन्य सरोकारवाला निकायहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।यो प्रतिवेदन तयार गर्ने समयमा नेतृत्व प्रदान गर्नुहुने निर्देशक श्री शैलेन्द्र रेग्मीप्रति धन्यवाद व्यक्त गर्दछु । साथै, तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन लेखन कार्यमा संलग्न रहनुभएका यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका अधिकृत तथा कर्मचारीहरू उप निर्देशक श्री दिल बहादुर सुब्बा आङदेम्बे, सहायक निर्देशकद्वय श्री सुनिल अधिकारी र श्री ऋषि रन्जन कर्ण, साथै प्रधान सहायकहरू श्री नवदिप साह, श्री झलेन्द्र पोखरेल, श्री सुमन मैनाली, श्री सुशिला थापा र श्री रुपेशमणि भट्टराईप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

सुमन नेउपाने

निर्देशक

# विषय-सूची


| शीर्षक | पेज नं. |
|---|---|
| **परिच्छेद १ : अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| १.३ अध्ययनको सीमा | २ |
| १.४ अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २ : प्रदेशको तुलनात्मक आर्थिक स्थिति** | **३** |
| २.१ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.२ अन्तरप्रदेश तुलना | ३ |
| २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती | ४ |
| **परिच्छेद ३ : कृषि क्षेत्र** | **६** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| ३.२ कृषि उत्पादन | ९ |
| ३.३ पशुपन्छी, माछा उत्पादन | ११ |
| ३.४ वनजन्य उत्पादन | १२ |
| ३.५ सिँचाई तथा मौसम | १२ |
| ३.६ क्षेत्रगत कृषि कर्जा | १४ |
| ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | १५ |
| **परिच्छेद ४ : उद्योग क्षेत्र** | **१७** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १७ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १९ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १९ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | **२०** |
| ५.१ पर्यटन | २० |
| ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| ५.३ वित्तीय सेवा | २१ |
| ५.४ यातायात तथा सञ्चार | २७ |
| ५.५ सेवा क्षेत्र कर्जा | २८ |
| ५.६ सहकारी | २९ |
| ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना | ३० |
| **परिच्छेद ६: पूर्वाधार र रोजगारी** | **३१** |
| ६.१ पूर्वाधार क्षेत्र | ३१ |
| ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३५ |
| ६.३ रोजगारी | ३७ |
| ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना | ३८ |

**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** **३९**

७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति ३९

७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ३९

**परिच्छेद ८ : आर्थिक परिदृष्य** **४२**

८.१ कृषि उत्पादन ४२

८.२ औद्योगिक उत्पादन ४२

८.३ सेवा क्षेत्र ४२

८.४ पूर्वाधार क्षेत्र ४३

# तालिका सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधारभूत मूल्यमा) | ३ |
| तालिका २.२ | प्रादेशिक आर्थिक परिसूचकहरू | ४ |
| तालिका ३.१ | कृषि उपजले ढाकेको भू–क्षेत्र (जिल्लागत) | ७ |
| तालिका ३.२ | खाद्य नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा बालीहरूको अंश, उत्पादनमा योगदान र उत्पादकत्व | ९ |
| तालिका ३.३ | कृषि बालीको जिल्लागत उत्पादन अवस्था | १० |
| तालिका ३.४ | कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था | ११ |
| तालिका ३.५ | कोशी प्रदेशमा सिँचाईको जिल्लागत अवस्था | १३ |
| तालिका ४.१ | जिल्लागत रुपमा औद्योगिक रोजगारीको अवस्था | १८ |
| तालिका ४.२ | औद्योगिक कर्जाको क्षेत्रगत अवस्था | १९ |
| तालिका ५.१ | कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था | २० |
| तालिका ५.२ | कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | २१ |
| तालिका ५.३ | क्षेत्रगत कर्जाको अंश | २२ |
| तालिका ५.४ | कोशी प्रदेशमा निक्षेप र कर्जाको जिल्लागत हिस्सा | २२ |
| तालिका ५.५ | कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना | २३ |
| तालिका ५.६ | कुल कर्जाको तुलनामा हिस्सा | २३ |
| तालिका ५.७ | कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | २४ |
| तालिका ५.८ | तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा | २४ |
| तालिका ५.९ | कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम. संख्याको जिल्लागत विवरण | २५ |
| तालिका ५.१० | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको जिल्लागत विवरण | २६ |
| तालिका ५.११ | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा खरिद गरेको परिवर्त्य विदेशी मुद्राको विवरण | २७ |
| तालिका ५.१२ | कोशी प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जाको विवरण | २९ |
| तालिका ५.१३ | सहकारी संस्थाहरूको पूँजी, बचत, ऋण, सदस्य संख्या र कर्मचारी संख्याको विवरण | २९ |
| तालिका ६.१ | वैदेशिक रोजगारीको लागि श्रम स्वीकृतिको जिल्लागत विवरण | ३७ |
| तालिका ७.१ | कोशी प्रदेश सरकारको वित्तीय प्रगति विवरण | ३९ |
| तालिका ७.२ | कोशी प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति | ४० |

## चार्ट सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था | ६ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन अवस्था | ९ |
| चार्ट ३.३ | कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत अवस्था | १२ |
| चार्ट ३.४ | कोशी प्रदेशमा सिँचाईका स्रोतहरुको अवस्था | १३ |
| चार्ट ३.५ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था | १४ |
| चार्ट ३.६ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था | १४ |
| चार्ट ४.१ | उद्योगहरुको क्षमता उपयोगको अवस्था | १७ |
| चार्ट ४.२ | उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था | १८ |
| चार्ट ५.१ | घरजग्गा कारोबारको अवस्था | २१ |
| चार्ट ५.२ | यातायातका साधनहरुको संख्या | २७ |
| चार्ट ५.३ | कुल वितरित टेलिफोनको जिल्लागत अवस्था | २८ |
| चार्ट ५.४ | सहकारी संस्थाहरुको पूँजी, बचत र ऋण लगानीको वृद्धिदर | ३० |
| चार्ट ६.१ | जिल्लागत विद्युत उत्पादनको अवस्था | ३१ |
| चार्ट ७.१ | आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका स्थानीय तहहरुको कुल प्राप्ति र अनुदानको संरचना | ४१ |

# कार्यकारी सारांश

## प्रदेशको समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेको संशोधित अनुमान छ।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०३ प्रतिशत, १४.१६ प्रतिशत र ६१.८१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

३. आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) ३.१३ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष कोशी प्रदेशको आर्थिक वृद्धिदर २.७२ प्रतिशत रहेको संशोधित अनुमान छ। आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३२.४७ प्रतिशत, १७.६७ प्रतिशत र ४९.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

## कृषि

१. आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ०.७ प्रतिशतले घटेको छ भने गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ३.४ प्रतिशतले घटेको थियो। त्यसैगरी समिक्षा अवधिमा समग्र कृषि बालीले ढाकेको कुल क्षेत्रफलमध्ये धान २.० प्रतिशत, आलु १.० प्रतिशत, सनपाट २८.४ प्रतिशत, दलहन ०.३ प्रतिशत र तरकारी तथा बागवानी ३.७ प्रतिशतले घटेको छ भने मकै ०.३ प्रतिशत, गहुँ र कोदो ०.२ प्रतिशत, जौ ११.२ प्रतिशत, फापर २.५ प्रतिशत, फलफूल २.२ प्रतिशत, मसला ०.९ प्रतिशत, चिया ५.१ प्रतिशत र कफी १४.४ प्रतिशतले बढेको छ।

२. समीक्षा अवधिमा समग्र कृषि बालीको उत्पादन ४.४ प्रतिशतले घटेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ७.० प्रतिशतले बढेको थियो। खाद्य, नगदे तथा अन्य बालीको उत्पादनमा धान ४.० प्रतिशतले घटेको छ भने मकै ०.३ प्रतिशत, गहुँ २.५ प्रतिशत, कोदो ०.३ प्रतिशत, जौं १३.७ प्रतिशत, फापर २.५१ प्रतिशत र आलु २.० प्रतिशतले बढेको छ। त्यसैगरी तरकारी उत्पादन ६.४ प्रतिशत, फलफूल उत्पादन २.६ प्रतिशत र मसला उत्पादन ११.८ प्रतिशतले घटेको छ भने चिया उत्पादन ०.९ प्रतिशत तथा कफी उत्पादन १७.६ प्रतिशतले बढेको छ।

३. समीक्षा अवधिसम्म यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३९.८ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ भने अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ४०.८ प्रतिशत रहेको थियो।

४. समीक्षा अवधिमा कोशी प्रदेशमा दुध उत्पादन १.९ प्रतिशत र माछा उत्पादन १६.५ प्रतिशतले बढेको छ भने मासु उत्पादन ५.१ प्रतिशत, अण्डा उत्पादन १८.५ प्रतिशत र ऊन उत्पादन ०.४ प्रतिशतले घटेको छ।

५. आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा काठको उत्पादन १ करोड ५ लाख ७४ हजार ५२ क्युविक फिट रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.२ प्रतिशतले कम हो।

६. २०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा २.० प्रतिशतले कमी भई रु. ५५ अर्ब १६ करोड ८४ लाख रहेको छ भने प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ९.० प्रतिशत रहेको छ।

## उद्योग

७. आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनाको अवधिमा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४२.९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४८.६ प्रतिशत रहेको थियो।

८. उत्पादित वस्तु अनुसार समीक्षा अवधिमा भटमासको तेल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९९.५ प्रतिशत रहेको छ भने वनस्पती घिउ र घरेलु धातुका सामान उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.३ प्रतिशत रहेको छ।

९. समीक्षा अवधिमा भटमास तेलको उत्पादन सबैभन्दा बढी २०९.६ प्रतिशतले बढेको छ भने जि आई तार उत्पादन सबैभन्दा बढी ६३.९ प्रतिशतले घटेको छ।

१०. आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनाको अवधिमा यस क्षेत्रका उद्योगहरूमा कुल १७,९५३ जनाले रोजगार प्राप्त गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.४ प्रतिशतले बढी हो।

११. समिक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल औद्योगिक कर्जा रु.१ खर्ब ६४ अर्ब ५ करोड रहेको छ जुन यस प्रदेशमा प्रवाहित कुल कर्जाको २६.८ प्रतिशत हो।

## सेवा

१२. २०८२ पुस मसान्तसम्म यस प्रदेशमा वाणिज्य बैंकका ७६४, विकास बैंकका १९४, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८५६ गरी बैंक तथा वित्तीय संस्थाका जम्मा १,८५० शाखा पुगेका छन्।

१३. २०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन ५.१ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ८१ अर्ब २४ करोड पुगेको तथा कुल कर्जा प्रवाह ०.३ प्रतिशतले कमी भई रु.६ खर्ब ११ अर्ब ६४ करोड पुगेको छ।

१४. २०८१ पुस मसान्तमा कोशी प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (CD Ratio) ११९ प्रतिशत रहेकोमा २०८२ पुस मसान्तमा यस्तो अनुपात १०५.१ प्रतिशत रहेको छ।

१५. २०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तमा नमुना छनौटमा परेका सहकारी संस्थाको कुल पूँजी ३.९ प्रतिशत, कुल बचत १७.० प्रतिशत र ऋण प्रवाह ४.८ प्रतिशतले बढेको छ।

१६. समीक्षा अवधिमा कोशी प्रदेशका नमुना छनौटमा परेका होटलहरुको औसत अकुपेन्सी दर ३३.४ प्रतिशत रहेको छ यस्तो दर अघिल्लो वर्षको सोही अवधिमा ५३.४ प्रतिशत रहेको थियो।

१७. समीक्षा अवधिमा यस प्रदेशका नमुना छनौटमा परेका होटलहरुमा बाह्य पर्यटकको संख्या १०.७ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ३९ प्रतिशतले वृद्धि भएको थियो।

१८. आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कोशी प्रदेशको समग्र जहाज उडान संख्या ४.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्यामा १.२ प्रतिशतले कमी आएको थियो।

१९. आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कोशी प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या २५.८ प्रतिशतले कमी भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या ६२.२ प्रतिशतले वृद्धि भएको थियो।

## पूर्वाधार

२०. कोशी प्रदेशमा विद्युत उत्पादनमा उल्लेखनीय प्रगति भई कुल जडित क्षमता ९०० मेगावाटभन्दा बढी पुगेको छ भने सबैभन्दा बढी विद्युत सोलुखुम्बु जिल्लामा उत्पादन भएको छ।

२१. पूर्व-पश्चिम (महेन्द्र राजमार्ग)को पाँचवटा प्याकेजमा कार्य प्रारम्भ भएकोमा वि.स. २०८३ माघसम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ।

२२. कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजनाको २०८२ पुस मसान्तसम्ममा ७७.५ प्रतिशत वित्तीय तथा ७७.१ प्रतिशत भौतिक प्रगति रहेको छ।

२३. कोशी प्रदेश अन्तर्गत कुल ५१७ कि. मि. लम्बाई भएको पुष्पलाल मध्यपहाडी राजमार्गको वि.स. २०८२ पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ८२.६ प्रतिशत तथा ८५.२ प्रतिशत रहेको छ भने यस प्रदेशमा कुल लम्बाई ३४३ कि.मी. रहेको हुलाकी राजमार्गको २०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५ प्रतिशत तथा ७० प्रतिशत रहेको छ।

२४. विभिन्न पूर्वाधार आयोजनाहरूबाट ठूलो संख्यामा प्रत्यक्ष रोजगारी सिर्जना भएको छ र राष्ट्रिय रोजगार कार्यक्रममार्फत बेरोजगार युवालाई रोजगारी तथा स्वरोजगारतर्फ उन्मुख गराउने कार्य भइरहेको छ साथै वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्यामा पनि सामान्य वृद्धि देखिएको छ।

२५. राजनीतिक स्थिरतासँगै पूर्वाधार विकासले थप गति लिने सम्भावना रहेको तथा अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा कोशी प्रदेशमा कृषि, उद्योग तथा स्थानीय उत्पादनमा आधारित रोजगारी सिर्जना र यातायात पूर्वाधार सुधारमार्फत आर्थिक गतिविधि विस्तार हुने अपेक्षा गरिएको छ।

# परिच्छेद १ : अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा परिवर्तन भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यले यस बैंकले प्रदेशस्थित कार्यालयहरूमार्फत प्रदेशस्तरमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश र स्थानीय सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। कोशी प्रदेशका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर) समेटेर प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ। आर्थिक वर्ष २०८२/८३ को प्रस्तुत् अर्धवार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित भएर तयार गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

कोशी प्रदेशमा रहेका १४ जिल्लाहरुको आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिना (साउनदेखि पुससम्म) को समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगतिका आधारमा यो अर्धवार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना, समस्या एवम् चुनौतीहरू समेत समावेश गरिएको छ। यसका अतिरिक्त समीक्षा अवधिको आर्थिक स्थिति तथा चालु आर्थिक वर्षको बाँकी अवधिमा प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको सम्भावित परिदृश्य समेत समावेश गरिएको छ।

यस प्रतिवेदनमा उल्लेख गरिएका कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय एवम् सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय र डिभिजन वन कार्यालयबाट सङ्कलन गरिएको छ। औद्योगिक क्षेत्रतर्फ उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका ४३ उद्योगहरूको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलहरूको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घरजग्गा रजिष्ट्रेसन संख्या र सो वापतको राजस्व रकम, बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंकको Supervisory Information System (SIS) का आधारमा तयार गरिएको छ। घरजग्गा नक्सा पाससम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशका राष्ट्रिय गौरव, प्रदेश गौरव र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने आयोजनाहरूबाट लिइएको छ। यातायात सेवातर्फ, सवारी संख्यासम्बन्धी विवरण कोशी प्रदेश सरकार, आन्तिरिक मामिला तथा कानून मन्त्रालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका नमुना छनौट परेका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ।

उल्लिखित सरकारी कार्यालय, स्थानीय तह र अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ भने संक्षिप्त अध्ययनका लागि सम्बन्धित फर्म/कम्पनीको स्थलगत भ्रमण गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ। तथ्याङ्क तथा सूचना सङ्कलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ। प्रतिवेदनमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ। विशेष गरी समिक्षा अवधिभरिमा भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरू देहायबमोजिम रहेका छन् ।

१. यो अध्ययन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" ले तोकेको तथ्याङ्क प्रदायक निकायहरूबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।
२. प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा जिल्लागत घरनक्सा पास तथा वित्त स्थितिका लागि केही स्थानीय तह (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट मात्र तथ्याङ्क सङ्कलन गरिएको छ ।
३. "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" मा तोकिएका ४३ उद्योगहरु, १० होटलहरु र १० सहकारी संस्थाहरुबाट मात्र तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" मा आधारित भएर तयार पारिएको छ । प्रतिवेदनको समग्र ढाँचा उक्त मार्गदर्शनले तोकेबमोजिम रहेको छ । यस प्रतिवेदनमा ८ परिच्छेदहरू रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय प्रस्तुत् गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा कोशी प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत् गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत् गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.८५ प्रतिशत (प्रचलित मूल्यमा रु.६६ खर्ब) र आधारभूत मूल्यमा ३.६८ प्रतिशत रहने अनुमान छ। आ.व. २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ४.४३ प्रतिशत र आधारभूत मूल्यमा ३.८० प्रतिशतले विस्तार भएको संशोधित अनुमान रहेको छ। आ.व. २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०३ प्रतिशत, १४.१६ प्रतिशत तथा ६१.८१ प्रतिशत रहने अनुमान छ।

**तालिका २.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)**

| क्षेत्र | २०८१/८२^सं | २०८२/८३^प्रा |
|---|---|---|
| कृषि क्षेत्र | ३.०५ | १.५८ |
| उद्योग क्षेत्र | ३.३१ | ५.६७ |
| सेवा क्षेत्र | ४.३६ | ४.२१ |
| **आर्थिक वृद्धिदर** | **३.८०** | **३.६८** |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | |
| **क्षेत्र** | **२०८१/८२^सं** | **२०८२/८३^प्रा** |
| कृषि क्षेत्र | २४.५० | २४.०३ |
| उद्योग क्षेत्र | १३.७० | १४.१६ |
| सेवा क्षेत्र | ६१.८० | ६१.८१ |

*सं : संशोधित अनुमान; प्रा : प्रारम्भिक अनुमान*

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ३.१३ प्रतिशत रहने अनुमान रहेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु. १० खर्ब ४३ अर्ब ११ करोड पुग्ने अनुमान छ। आ.व. २०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३२.४७ प्रतिशत, १७.६७ प्रतिशत र ४९.८५ प्रतिशत रहने अनुमान छ। कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आ.व. २०८२/८३ मा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कोशी प्रदेशको अंश क्रमशः २१.३६ प्रतिशत, १९.७२ प्रतिशत र १२.७५ प्रतिशत रहने अनुमान छ।

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.८० प्रतिशत रहने अनुमान रहेको छ। त्यसैगरी बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.७१ प्रतिशत रहने अनुमान रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२० प्रतिशत रहने अनुमान रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.३६ प्रतिशत रहने अनुमान रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५१ प्रतिशत रहने अनुमान रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.७४ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम २.९९ प्रतिशत रहने अनुमान रहेको छ। सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.४६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.९७ प्रतिशत रहने अनुमान रहेको छ।

**तालिका २.२ : प्रादेशिक आर्थिक परिसूचकहरू**
**(आर्थिक वर्ष २०८२/८३)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु. अर्बमा) | १,०४३.११ | ८६३.३३ | २४२३.१२ | ५९२.६८ | ९३६.७२ | २७७.२५ | ४६३.८९ | ६,६००.१० |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | १३.०८ | ३६.७१ | ८.९८ | १४.१९ | ४.२० | ७.०३ | १०० |
| आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा, प्रतिशत) | ३.१३ | १.३१ | ५.४० | ५.०१ | २.८७ | २.९४ | ३.२८ | ३.८५ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.३६ | १९.०४ | १७.१५ | ९.५९ | १७.५८ | ५.५१ | ९.७८ | १०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.७२ | ११.२५ | ३१.७४ | १२.०५ | १५.३५ | २.९९ | ६.९० | १०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७५ | ११.१९ | ४५.४६ | ८.०४ | १२.६१ | ३.९७ | ५.९९ | १०० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३२.४७ | ३४.९७ | ११.२३ | २५.६६ | २९.७६ | ३१.५२ | ३३.४३ | २४.०३ |
| उद्योग क्षेत्र | १७.६७ | १२.१८ | १२.२४ | १९.०० | १५.३२ | १०.०७ | १३.९१ | १४.१६ |
| सेवा क्षेत्र | ४९.८५ | ५२.८६ | ७६.५३ | ५५.३५ | ५४.९२ | ५८.४१ | ५२.६६ | ६१.८१ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### २.३.१ प्रादेशिक क्षमता तथा सम्भावना

१. प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना अन्तर्गत किवीफल, सुन्तलाजात फलफूल, एभोकाडो, ओखर र स्याउ खेती विस्तार भएकोले फलफूल उत्पादनमा वृद्धि भई निर्यात प्रवर्धन हुन सक्ने सम्भावना रहेको छ ।

२. यस प्रदेशका इलाम, पाँचथर, धनकुटा, भोजपुर लगायतका पहाडी जिल्लाहरुलाई अर्गानिक चिया र गुणस्तरीय कफी उत्पादन क्षेत्रको रुपमा विकास गर्दै त्यस्ता उत्पादनको ब्राण्डिङ्ग र प्याकेजिङ्ग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बजारीकरण गर्न सकिने सम्भावना रहेको छ ।

३. कृषि क्षेत्रमा आधुनिक प्रविधि, सिँचाइ सुविधा, यान्त्रिकीकरण तथा सामूहिक खेती प्रणालीको विकास गरी तराई क्षेत्रमा धान, गहुँ, मकै, उखु तथा तेलहन बाली र पहाडी क्षेत्रमा चिया, अलैंची, अदुवा, अकबरे खुर्सानी जस्ता नगदेबाली उत्पादनको उच्च सम्भावना रहेको छ ।

४. यस प्रदेश अन्तर्गत पर्ने सुनसरी-मोरङ औद्योगिक करिडोर नेपालको सबैभन्दा महत्वपूर्ण औद्योगिक क्षेत्रमध्ये एक भएकाले यहाँ रहेका उद्योगहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न सके उत्पादन वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा उल्लेखनीय योगदान पुग्ने सम्भावना रहेको छ ।

५. यस प्रदेशका प्रमुख शहरी तथा व्यापारिक केन्द्रहरू विराटनगर, धरान, इटहरी, दमक तथा बिर्तामोडमा पूर्वाधार, यातायात, बैंकिङ तथा सेवा क्षेत्रको तीव्र विकास भइरहेको हुँदा उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधिमा लगानी विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

६. यस प्रदेशमा बाह्रै महिना जलप्रवाह हुने नदीहरूको पर्याप्त उपलब्धताका कारण जलविद्युत् आयोजना निर्माण तथा प्रसारण लाइन विस्तारमार्फत औद्योगिक विकास, ऊर्जा निर्यात र ग्रामीण क्षेत्रमा विद्युत् पहुँच विस्तार गरी प्रदेशको आर्थिक विकासलाई तीव्र बनाउन सकिने सम्भावना रहेको छ ।

७. हिमाली, पहाडी र तराई भू-भागको विविधताले सुसज्जित यस प्रदेशमा जैविक विविधता, वन सम्पदा तथा प्राकृतिक सौन्दर्यताले गर्दा सगरमाथा, कञ्चनजङ्घा, मकालु-बरुण, श्रीअन्तु, भेडेटार तथा तिनजुरे मिल्के जलजले जस्ता क्षेत्रहरूमा प्राकृतिक, साहसिक, दृश्यावलोकन, पदयात्रा र पर्यावरणीय पर्यटनको सम्भावना रहेको छ ।

८. यस प्रदेशमा रहेका हिन्दु तथा वौद्ध धर्मावलम्बीका महत्वपुर्ण तिर्थस्थलहरु पाथीभरा देवी मन्दिर, हलेसी महादेव, बराहक्षेत्र, रामधुनी तथा किराँत सभ्यतासँग सम्बन्धित धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरक्षण र पूर्वाधार विकास गरी धार्मिक तथा सांस्कृतिक पर्यटनलाई थप विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

९. कोशी प्रदेशका सीमावर्ती शहरहरूमा आधुनिक आँखा अस्पताल तथा अन्य सुविधा सम्पन्न स्वास्थ्य संस्थाहरूको विस्तारसँगै भारतका सीमावर्ती राज्यहरूबाट उपचारका लागि आउने सेवाग्राहीको आकर्षण बढ्दै गएको छ । यस अवस्थाले स्वास्थ्य पर्यटन विकासको उच्च सम्भावना सिर्जना गर्नुका साथै निजी लगानी प्रवर्द्धन र रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

१०. यस प्रदेशका सीमावर्ती शहरहरूमा तारे तथा सुविधा सम्पन्न होटल र पार्टी प्यालेसहरूको विस्तारसँगै डेस्टिनेशन वेडिङ, व्यवसायिक बैठक, सेमिनार, धार्मिक भ्रमण तथा मनोरञ्जनात्मक पर्यटनको उल्लेखनीय सम्भावना विकसित हुँदै गएको छ ।

### २.३.२ प्रादेशिक चुनौती

१. यस प्रदेशका तुलनात्मक लाभ भएका बालीहरु (अलैंची, चिया, अम्रिसो, रुद्राक्ष, अदुवा) को उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै यस्ता उत्पादनको बजारीकरण गरी निर्यात प्रवर्धन गर्नु ।

२. उत्पादनमा आधारित अनुदानको व्यवस्था गरी युवाहरुलाई कृषि उत्पादन, प्रशोधन र बजारीकरणमा आकर्षित गर्नु ।

३. यस प्रदेशका पहाडी जिल्लाहरुबाट बसाइँसराइ भइ तराइमा जाने क्रम तिब्र रुपमा बढ्दै गएको तथा युवाहरुको बढ्दो विदेश पलायनले गर्दा खेतीयोग्य जमिन बाँझिने क्रम जारी रहेकाले सो क्षेत्रमा वन जंगलको विस्तार भएका कारण जंगली जनवारहरु (हात्ती, बाँदर, दुम्सी, वँदेल आदि) बाट कृषि बालीहरुको सुरक्षा गर्नु ।

४. यो प्रदेश मासु, माछा तथा दूधजन्य उत्पादनमा आत्मनिर्भर हुँदै गइरहेको अवस्थामा पशुपन्छीमा लाग्ने खोरेत रोग तथा अन्य महामारी नियन्त्रणका लागि खोप सञ्चालन गर्दै जैविक सुरक्षा तथा असल पशुपालन अभ्यासजस्ता कार्यक्रम सञ्चालन गरी गुणस्तरीय पशुपन्छीजन्य उत्पादनको उपभोग बढाउँदै निर्यात प्रवर्धन गर्नु ।

५. यस प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुको उचित व्यवस्थापन र गुणस्तरमा वृद्धि गर्दै पर्यटन विकासका लागि आकर्षक गन्तव्य र नयाँ सेवाहरुको विकास र विविधीकरण गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षण बढाउँदै यस क्षेत्रमा रोजगारीका अवसरहरु सिर्जना गर्नु ।


६. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि, जलविद्युत्, पूर्वाधार तथा उद्योग क्षेत्रमा पर्ने असरहरुको न्यूनीकरण गर्नु ।

## परिच्छेद ३ : कृषि क्षेत्र

### ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.७ प्रतिशतले कमी भई ९ लाख ८९ हजार १ सय १६ हेक्टर कायम भएको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ३.४ प्रतिशतले घटेको थियो। कृषि उपजले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी धान बालीले ढाकेको क्षेत्रफलमा २.० प्रतिशतले कमी आई ३ लाख २२ हजार हेक्टर, मकै बालीले ढाकेको क्षेत्रफलमा ०.३ प्रतिशतले वृद्धि भई २ लाख ७८ हजार हेक्टर, कोदो बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशतले वृद्धि भई ५७ हजार हेक्टर, आलु बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशतले वृद्धि भई ५६ हजार हेक्टर, गहुँ बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशतले वृद्धि भई ५१ हजार हेक्टर र तरकारी बालीले ढाकेको क्षेत्रफल ३.८ प्रतिशतले कमी भई ४८ हजार हेक्टर कायम रहेको छ।

**चार्ट ३.१ : प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था (हजार हेक्टरमा)**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र, आ.व. २०८१/८२ को संशोधित तथ्याङ्कमा आधारित*

#### ३.१.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल अघिल्लो वर्षको तुलनामा ०.८ प्रतिशतले कमी भई ८ लाख ६४ हजार ४ सय २८ हेक्टर कायम रहेको छ। गत वर्ष यस्तो बालीले ढाकेको क्षेत्रफल ३.८ प्रतिशतले घटेको थियो।

समिक्षा अवधिमा धान, आलु, सनपाट तथा दलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः २.० प्रतिशत, १.० प्रतिशत, २८.४ प्रतिशत र ०.३ प्रतिशतले घटेको छ भने मकै, गहुँ, कोदो, जौं, फापर, उखु, भटमास, तथा तेलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः ०.३ प्रतिशत, ०.३ प्रतिशत, ०.२ प्रतिशत, ११.२ प्रतिशत, २.५ प्रतिशत, ८.८ प्रतिशत, २.३ प्रतिशत, र ०.४ प्रतिशतले बढेको छ।

यसैगरी खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान, मकै, कोदो, आलु र गहुँ बालीले ढाकेको क्षेत्रफलको अंश क्रमशः ३७.३ प्रतिशत, ३२.२ प्रतिशत, ६.६ प्रतिशत, ६.५ प्रतिशत र ६.० प्रतिशत रहेको छ भने समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा धान, मकै, गहुँ, कोदो र आलुको अंश क्रमशः ३२.६ प्रतिशत, २८.१ प्रतिशत, ५.२ प्रतिशत, ५.८ प्रतिशत र ५.७ प्रतिशत रहेको छ। समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लामा सबैभन्दा बढी २०.३ प्रतिशत र ताप्लेजुङ जिल्लाको सबैभन्दा कम २.९ प्रतिशत क्षेत्रफल रहेको छ।

### ३.१.२ तरकारी तथा बागवानी

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.७ प्रतिशतले कमी भई ५० हजार ५९ हेक्टर रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.५ प्रतिशतले बढेको थियो । प्रदेशको समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा तरकारी बालीले ढाकेको क्षेत्रफल ५.१ प्रतिशत रहेको छ भने तरकारी बालीको कुल क्षेत्रफलमध्ये झापा जिल्लामा सबैभन्दा बढी २१.५ प्रतिशत र तेह्रथुम जिल्लामा सबैभन्दा कम १.९ प्रतिशत भू-भाग रहेको छ।

### ३.१.३ फलफूल

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा फलफूल बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.२ प्रतिशतले वृद्धि भई २५ हजार ४ सय १३ हेक्टर कायम रहेको छ। प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा फलफूल खेतीले ढाकेको क्षेत्रफल २.६ प्रतिशत रहेको छ भने फलफूल खेतीको क्षेत्रफलमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २०.३ प्रतिशत र ओखलढुंङ्गा जिल्लामा सबैभन्दा कम १.४ प्रतिशत भू-भाग रहेको छ।

### ३.१.४ मसला बाली

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा मसला बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.९ प्रतिशतले वृद्धि भई २९ हजार ३९ हेक्टर कायम रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.२ प्रतिशतले बढेको थियो । प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा मसला बालीले ढाकेको क्षेत्रफल २.९ प्रतिशत रहेको छ भने मसला बालीले ढाकेको क्षेत्रफलमध्ये इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी १७.८ प्रतिशत र ओखलढुंङ्गा जिल्लाको सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र (जिल्लागत)**

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफुल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल हेक्टर | हिस्सा प्रतिशत | क्षेत्रफल हेक्टर | हिस्सा प्रतिशत | क्षेत्रफल हेक्टर | हिस्सा प्रतिशत | क्षेत्रफल हेक्टर | हिस्सा प्रतिशत |
| ताप्लेजुङ्ग | २४,८८७.१ | २.९ | १,०६६.० | २.१ | १,५२६.० | ६.० | ५,००७.० | १७.२ |
| संखुवासभा | ३५,७५३.१ | ४.१ | १,९३२.० | ३.९ | १,७५२.० | ६.९ | ३,२१८.० | ११.१ |
| सोलुखुम्बु | २७,६८९.९ | ३.२ | १,७९४.९ | ३.६ | ६९६.४ | २.७ | ३३२.९ | १.१ |
| खोटाङ्ग | ५६,५७४.० | ६.५ | १,२५२.० | २.५ | ९०७.५ | ३.६ | १,४७१.० | ५.१ |
| भोजपुर | ५३,२३६.३ | ६.२ | २,०७२.० | ४.१ | १,४९७.० | ५.९ | १,०२७.८ | ३.५ |
| धनकुटा | २९,७३७.१ | ३.४ | ६,०२४.० | १२.० | २,१२९.५ | ८.४ | ८७७.३ | ३.० |
| तेह्रथुम | २६,३६३.४ | ३.० | ९२९.० | १.९ | १,३१०.० | ५.२ | ९३४.० | ३.२ |
| पाँचथर | ३९,८२७.९ | ४.६ | २,३६५.० | ४.७ | १,६४४.० | ६.५ | ४,५९३.० | १५.८ |
| इलाम | ५९,११६.८ | ६.८ | ३,५९८.० | ७.२ | १,१९३.९ | ४.७ | ५,१६४.८ | १७.८ |
| झापा | १,७५,३१३.७ | २०.३ | १०,७४०.० | २१.५ | ३,३६४.० | १३.२ | ८५५.० | २.९ |
| मोरङ | १,५४,६०२.४ | १७.९ | ८,१४५.६ | १६.३ | ५,१५७.० | २०.३ | २,६७८.२ | ९.२ |
| सुनसरी | १,०१,३००.५ | ११.७ | ६,८८७.० | १३.८ | २,१६७.० | ८.५ | १,३४२.० | ४.६ |
| उदयपुर | ४८,९३०.० | ५.७ | १,४८९.० | ३.० | १,७०४.० | ६.७ | १,३३४.० | ४.६ |
| ओखलढुंगा | ३१,०९६.५ | ३.६ | १,७६४.० | ३.५ | ३६५.० | १.४ | २०४.० | ०.७ |
| **जम्मा** | **८,६४,४२८.६** | **१००** | **५०,०५८.५** | **१००** | **२५,४१३.३** | **१००** | **२९,०३९.०** | **१००** |

*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*


### ३.१.५ चिया तथा कफी

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा चिया तथा कफी खेतीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.६ प्रतिशतले वृद्धि भई २० हजार १ सय ७६ हेक्टर रहेको छ। यस प्रदेशको पहाडी जिल्लाहरूमा कफी खेतीप्रति आकर्षण बढेसँगै कफी खेतीको क्षेत्रफलमा उल्लेखनीय रुपमा वृद्धि भएको छ । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा चिया तथा कफी बालीले ढाकेको क्षेत्रफल २.० प्रतिशत रहेको छ । चिया खेती गरिएको कुल क्षेत्रफलमध्ये झापा र इलाम जिल्लाको हिस्सा क्रमशः ५६ प्रतिशत र ३९ प्रतिशत रहेको छ भने कफी खेती गरिएको कुल क्षेत्रफलमध्ये धनकुटा र इलाम जिल्लाको हिस्सा क्रमशः ४५.३ प्रतिशत र २९.८ प्रतिशत रहेको छ ।

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा यस प्रदेशमा समग्र कृषिजन्य उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४.४ प्रतिशतले कमी भई ५० लाख ३० हजार ६ सय ७७ मेट्रिक टन रहेको छ। गत वर्षको सोही अवधिमा समग्र कृषिजन्य उत्पादन ७.० प्रतिशतले बढेको थियो।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन अवस्था (हजार मे. टनमा)**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र, आ.व. २०८१/८२ को संशोधित तथ्याङ्कमा आधारित*

### ३.२.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ३.९ प्रतिशतले ह्रास आई ३९ लाख ७८ हजार ४ सय २१ मेट्रिक टन रहेको छ। गत वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ११.३ प्रतिशतले बढेको थियो। यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३५.४ प्रतिशत, मकै उत्पादनको अंश २९.४ प्रतिशत, गहुँ उत्पादनको अंश ३.५ प्रतिशत, कोदो उत्पादनको अंश २.२ प्रतिशत र आलु उत्पादनको अंश २१.९ प्रतिशत रहेको छ।

**तालिका नं. ३.२ खाद्य नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा बालीहरुको अंश, उत्पादनमा योगदान र उत्पादकत्व**

| बाली | ढाकेको क्षेत्रफलको अंश (प्रतिशत) | उत्पादनमा योगदान (प्रतिशत) | उत्पादकत्व |
|---|---|---|---|
| धान | ३७.३ | ३५.४ | ४.४ |
| मकै | ३२.२ | २९.४ | ४.२ |
| गहुँ | ६.० | ३.५ | २.७ |
| कोदो | ६.६ | २.२ | १.५ |
| आलु | ६.५ | २१.९ | १५.५ |
| अन्य | ११.४ | ७.६ | ३.१ |
| **कुल** | १०० | १०० | |

*स्रोत: कृषि ज्ञान केन्द्र*

समीक्षा अवधिमा मकै, गहुँ, कोदो, जौं, फापर र आलु उत्पादन क्रमश: ०.३ प्रतिशत, २.५ प्रतिशत, ०.३ प्रतिशत, १३.७ प्रतिशत, २.५ प्रतिशत र २.० प्रतिशतले बढेको छ भने धान, उखु, सनपाट र भटमासको उत्पादनमा क्रमश: ४.० प्रतिशत, ३७.४ प्रतिशत, २२.२ प्रतिशत र ०.५ प्रतिशतले कमी आएको छ।

समग्र कृषि उपजको उत्पादनमा खाद्य नगदे तथा अन्य बालीमध्ये धान बालीको अंश सबैभन्दा बढी २८.० प्रतिशत, मकैको अंश २३.२ प्रतिशत, आलुको अंश १७.३ प्रतिशत, गहुँको अंश २.८ प्रतिशत र कोदोको अंश १.७ प्रतिशत रहेको छ। समीक्षा अवधिमा खाद्य नगदे तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा

जिल्लाको अंश सबैभन्दा बढी २८.० प्रतिशत र धनकुटा जिल्लाको अंश सबैभन्दा कम २.० प्रतिशत योगदान रहेको छ ।

### ३.२.२ तरकारी तथा बागवानी

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनाको अवधिमा तरकारी तथा बागवानी बालीको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.४ प्रतिशतले कमी आई ६ लाख ८६ हजार ३ सय ७७ मेट्रिक टन रहेको छ । गत वर्ष यस्तो उत्पादन ४.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा तराई क्षेत्रका जिल्ला मोरङ र झापामा अति भारी वर्षा, बाढी, डुवानका कारण तरकारी तथा बागवानीसँग सम्बन्धित उत्पादनमा ह्रास आएकोले समग्रमा तरकारी बाली उत्पादनमा कमी आएको हो । जिल्लागत रुपमा झापा जिल्लाको हिस्सा सबैभन्दा बढी २८.९ प्रतिशत र सोलुखुम्बु जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ ।

### ३.२.३ फलफूल

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनाको अवधिमा फलफूलको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.६ प्रतिशतले कमी आई २ लाख ६ हजार ३ सय ९६ मेट्रिक टन रहेको छ । आँप तथा केराको उत्पादन घटेकाले समग्रमा फलफूल उत्पादन घटेको हो । प्रदेशको फलफूल उत्पादनमा झापा जिल्लाको हिस्सा सबैभन्दा बढी २४.४ प्रतिशत र ओखलढुंङ्गा जिल्लाको हिस्सा सबैभन्दा कम ०.८ प्रतिशत रहेको छ ।

### ३.२.४ मसला बाली

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनाको अवधिमा मसलाको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.८ प्रतिशतले कमी आई १ लाख ३१ हजार ७ सय २१ मेट्रिक टन रहेको छ । बाढी, पहिरो, भारी वर्षा, डुवानका कारण झापा र पाँचथर जिल्लामा प्याज र अदुवा उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम भएका कारण प्रदेशको समग्र मसला बालीको उत्पादनमा कमी आएको हो । मसला उत्पादनमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी ३०.८ प्रतिशत रहेको छ भने सोलुखुम्बु जिल्लाको हिस्सा सबैभन्दा कम १.५ प्रतिशत रहेको छ ।

**तालिका ३.३ : कृषि बालीको जिल्लागत उत्पादन अवस्था**

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफुल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मे. टन) | हिस्सा प्रतिशत | उत्पादन (मे. टन) | हिस्सा प्रतिशत | उत्पादन (मे. टन) | हिस्सा प्रतिशत | उत्पादन (मे. टन) | हिस्सा प्रतिशत |
| ताप्लेजुङ्ग | १,०९,६४२.६ | २.८ | १४,१३५.४ | २.१ | ९,२१२.० | ४.५ | ८,१९३.० | ६.२ |
| संखुवासभा | १,०७,६७३.९ | २.७ | २२,३१७.० | ३.३ | ११,०६१.० | ५.४ | ४,४८९.५ | ३.४ |
| सोलुखुम्बु | १,५४,६८४.० | ३.९ | ८,३३८.७ | १.२ | ४,०५३.४ | २.० | १,९७६.० | १.५ |
| खोटाङ्ग | १,१६,७८७.४ | २.९ | १४,०५७.५ | २.० | ३,४१०.० | १.७ | ३,०४१.९ | २.३ |
| भोजपुर | १,७०,७७८.४ | ४.३ | १३,८७०.० | २.० | ९,८७२.५ | ४.८ | ३,८८४.१ | २.९ |
| धनकुटा | ७८,७६३.६ | २.० | १,३७,१६३.० | २०.० | ९,३७७.९ | ४.५ | ६,१०९.६ | ४.६ |
| तेह्रथुम | ८२,४२४.४ | २.१ | १५,६३९.० | २.३ | १०,०३७.६ | ४.९ | ४,४४०.० | ३.४ |
| पाँचथर | १,५०,६६०.५ | ३.८ | २८,२५१.० | ४.१ | १२,७२४.२ | ६.२ | ५,९००.४ | ४.५ |
| इलाम | २,६९,१६१.१ | ६.८ | ६६,३८७.१ | ९.७ | ९,००७.० | ४.४ | ४०,५५३.९ | ३०.८ |
| झापा | ११,१४,०२२.६ | २८.० | १,९८,४४७.४ | २८.९ | ५०,३५५.९ | २४.४ | १२,४२५.० | ९.४ |
| मोरङ | ७,५०,६१४.४ | १८.९ | ७१,८७८.७ | १०.५ | ४६,३८९.८ | २२.५ | १५,३७९.८ | ११.७ |
| सुनसरी | ६,२०,५१०.६ | १५.६ | ५६,९८२.० | ८.३ | १६,५३९.० | ८.० | ७,४५८.२ | ५.७ |
| उदयपुर | १,३३,०६८.० | ३.३ | १७,८६०.० | २.६ | १२,७५४.१ | ६.२ | १५,८३६.६ | १२.० |
| ओखलढुङ्गा | १,१९,६३०.० | ३.० | २१,०५०.० | ३.१ | १,६०१.९ | ०.८ | २,०३३.० | १.५ |
| **जम्मा** | **३९,७८,४२१.५** | **१००** | **६,८६,३७६.८** | **१००** | **२,०६,३९६.३** | **१००** | **१,३१,७२१.१** | **१००** |

*स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.२.५ चिया तथा कफी

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनाको अवधिमा चिया तथा कफीको उत्पादन १.० प्रतिशतले वृद्धि भई २७ हजार ६ सय ७१ मेट्रिक टन रहेको छ। यस प्रदेशमा कुल चिया उत्पादनको ९८.७ प्रतिशत हिस्सा झापा र इलाम जिल्लाको रहेको छ भने कुल कफी उत्पादनमा पाँचथर जिल्लाको हिस्सा सबैभन्दा बढी ३८.४ प्रतिशत रहेको छ।

## ३.३ पशुपन्छी, माछा उत्पादन

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा दुधको उत्पादन १.९ प्रतिशतले वृद्धि भई ३१ करोड ९५ लाख ६७ हजार लिटर, मासुको उत्पादन ५.१ प्रतिशतले कमी आई ४३ हजार ८ सय २४ मेट्रिक टन, अण्डाको उत्पादन १८.५ प्रतिशतले कमी आई ७ करोड २७ लाख २८ हजार गोटा, माछाको उत्पादन १६.५ प्रतिशतले वृद्धि भई ७ हजार २ सय ६२ मेट्रिक टन रहेको छ।

समीक्षा अवधिमा यस प्रदेशको दुध उत्पादनमा झापा जिल्लाको हिस्सा सबैभन्दा बढी २८.८ प्रतिशत रहेको छ भने सबैभन्दा कम १.१ प्रतिशत ताप्लेजुङ जिल्लाको रहेको छ। मासु उत्पादनमा झापा जिल्लाको हिस्सा सबैभन्दा बढी २५ प्रतिशत रहेको छ भने सबैभन्दा कम ताप्लेजुङ जिल्लाको २.८ प्रतिशत रहेको छ। अण्डा उत्पादनमा झापा जिल्लाको हिस्सा सबैभन्दा बढी ३१.२ प्रतिशत रहेको छ भने सबैभन्दा कम ओखलढुंङ्गा जिल्लाको ०.८ प्रतिशत रहेको छ। माछा उत्पादनमा झापा जिल्लाको हिस्सा सबैभन्दा बढी ४७.५ प्रतिशत रहेको छ।

**तालिका ३.४ : कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दुध | मासु | अण्डा | माछा |
| ताप्लेजुङ्ग | ३,५२३.० | १,२२९.० | १,३०४.० | १.० | १.१ | २.८ | १.८ | ०.० |
| संखुवासभा | ६,०४३.९ | १,५०५.२ | १,६०२.८ | ०.० | १.९ | ३.४ | २.२ | ०.० |
| सोलुखुम्बु | ८,८११.० | २,१२८.० | ३,५२५.० | ०.० | २.८ | ४.९ | ४.८ | ०.० |
| ओखलढुङ्गा | ८,७९१.० | २,२६३.० | ५९८.० | ०.० | २.८ | ५.२ | ०.८ | ०.० |
| खोटाङ | ८,०१९.० | २,२१८.० | १,२१२.१ | ३.९ | २.५ | ५.१ | १.७ | ०.१ |
| भोजपुर | ६,८५३.० | १,४९३.० | १,२८२.० | ०.० | २.१ | ३.४ | १.८ | ०.० |
| धनकुटा | ८,५८५.० | १,५०५.० | २,४८०.० | ४.० | २.७ | ३.४ | ३.४ | ०.१ |
| तेह्रथुम | ५,२२३.० | १,२४५.० | २,१७२.० | १.० | १.६ | २.८ | ३.० | ०.० |
| पाँचथर | ९,१६८.३ | १,९८२.१ | २,०९३.१ | ७.१ | २.९ | ४.५ | २.९ | ०.१ |
| ईलाम | १९,१५२.१ | २,०५६.० | ४,४०२.० | ४३.६ | ६.० | ४.७ | ६.१ | ०.६ |
| झापा | **९२,०७५.०** | **१०,९५८.०** | **२२,७१९.०** | **३,४४६.०** | **२८.८** | **२५.०** | **३१.२** | **४७.५** |
| मोरङ्ग | ७०,६९०.० | ६,२२२.० | १५,१७१.० | १,९२८.१ | २२.१ | १४.२ | २०.९ | २६.६ |
| सुनसरी | ५६,७१३.० | ५,५१३.० | १०,९९८.० | १,५७८.० | १७.७ | १२.६ | १५.१ | २१.७ |
| उदयपुर | १५,९२०.० | ३,५०७.० | ३,१६९.० | २४९.० | ५.० | ८.० | ४.४ | ३.४ |
| **जम्मा** | **३,१९,५६७.०** | **४३,८२४.०** | **७२,७२८.०** | **७,२६१.७** | **१००** | **१००** | **१००** | **१००** |


*स्रोत: अध्ययन क्षेत्रका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र*

## ३.४ वनजन्य उत्पादन

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा काठको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.२ प्रतिशतले कमी आई १ करोड ५ लाख ७४ हजार ५२ क्युविक फिट रहेको छ भने दाउरा उत्पादनमा ९.२ प्रतिशतले कमी आई १ हजार ९३ चट्टा रहेको छ । गत वर्षको सोही अवधिमा काठ र दाउराको उत्पादन क्रमश: ०.८ प्रतिशत र ९.५ प्रतिशतले घटेको थियो भने अन्य वनजन्य उत्पादन ४.० प्रतिशतले बढेको थियो ।

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कोशी प्रदेशका विभिन्न पहाडी जिल्लाहरुमा निजी आवादीको काठको स्रोतमा कमी, बसाइँसराईको दर तीव्र रहेको, वनजन्य उत्पादनको बजार मूल्य निर्धारणमा उत्पादकको पहुँच नहुने भएको, भौगोलिक विकटताले गर्दा संकलनमा समस्या हुने आदि कारणले गर्दा काठ तथा दाउराको उत्पादन घटेको देखिन्छ भने तराई क्षेत्रमा पूर्व पश्चिम राजमार्ग विस्तार तथा हवाहुरीको कारण संकलनमा असहजताले गर्दा काठको उत्पादन घटेको देखिन्छ । बजारमा धसिङ्गरे, चिराइतो, मजिठा, सिलटिमुर, चुत्रो जस्ता औषधिजन्य उत्पादनको मागमा आएको वृद्धि तथा निजी जग्गामा चिराइतो, सिलटिमुर लगायतका खेतीको विस्तार तथा प्रवर्द्धनले गर्दा औषधिजन्य उत्पादनको वृद्धि भएको छ भने अन्य वनजन्य उत्पादनतर्फ निकासी हुने मुख्य वन पैदावरको रुपमा रहेको रुद्राक्ष दानाको भारत तथा चीनतर्फ हुने निकासीको मागमा भएको वृद्धिले अन्य वनजन्य वस्तुको उत्पादन बढेको देखिन्छ ।

**चार्ट ३.३ : कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका डिभिजन वन कार्यालय*

## ३.५ सिँचाई तथा मौसम

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल ७ लाख ७९ हजार ५ सय ८४ हेक्टर रहेकोमा ६ लाख ९० हजार ४ सय १२ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । कुल खेतीयोग्य क्षेत्रफलमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी १५ प्रतिशत र ओखलढुंङ्गा जिल्लाको अंश सबैभन्दा कम ३.१ प्रतिशत रहेको छ ।

समिक्षा अवधिमा कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफलको ३९.८ प्रतिशत अर्थात् ३ लाख १० हजार ६ सय १४ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल खेतीयोग्य क्षेत्रफलको ४०.८ प्रतिशत भागमा यस्तो सुविधा पुगेको थियो । खेतीयोग्य जमिनको क्षेत्रफलको आधारमा सुनसरी जिल्लामा सबैभन्दा बढी ८६ प्रतिशत सिँचाइ सुविधा पुगेको छ भने सोलुखुम्बु जिल्लामा सबैभन्दा कम १.१ प्रतिशत सिँचाइ सुविधा पुगेको छ ।


**तालिका ३.५ : कोशी प्रदेशमा सिँचाइको जिल्लागत अवस्था**

| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | कुल सिञ्चित क्षेत्रफल (हे.) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल (%) | कुल खेतीयोग्य क्षेत्रफल अंश (%) |
|---|---|---|---|---|---|
| ताप्लेजुङ्ग | २७,५५१ | २२,५०० | ११,२०१ | ४०.७ | ३.५ |
| संखुवासभा | ३१,५९६ | ३०,६०० | १५,५२७ | ४९.१ | ४.१ |
| सोलुखुम्बु | ४५,३८५ | ४०,६३१ | ५१३ | १.१ | ५.८ |
| ओखलढुङ्गा | २३,८७० | १७,२४४ | १,०९० | ४.६ | ३.१ |
| खोटाङ | ५४,७०१ | ५१,१६५ | १८,९१३ | ३४.६ | ७.० |
| भोजपुर | ६२,२९९ | ५६,९०५ | ३,१०६ | ५.० | ८.० |
| धनकुटा | ४०,७२३ | २८,०८० | ६,७९४ | १६.७ | ५.२ |
| तेह्रथुम | ३७,२८२ | ३०,७२९ | ६,७५० | १८.१ | ४.८ |
| पाँचथर | ६०,२५७ | ५१,५१९ | १३,८९१ | २३.१ | ७.७ |
| ईलाम | ७०,३३० | ६३,२९७ | ९,५३३ | १३.६ | ९.० |
| झापा | ९८,७१६ | ९०,००० | ५५,९९३ | ५६.७ | १२.७ |
| मोरङ्ग | १,१६,९५६ | १,०७,५९९ | ७५,१५८ | ६४.३ | १५.० |
| सुनसरी | ८१,७५६ | ७४,३५३ | ७०,३१६ | ८६.० | १०.५ |
| उदयपुर | २८,१६२ | २५,७९० | २१,८३० | ७७.५ | ३.६ |
| **जम्मा** | **७,७९,५८४** | **६,९०,४१२** | **३,१०,६१४** | **३९.८** | **१००** |

*स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्र र जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय*

अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफल ०.९ प्रतिशत, नहरबाट सिञ्चित क्षेत्रफल ०.२ प्रतिशत र बोरिङबाट सिञ्चित क्षेत्रफल ०.१ प्रतिशतले बढेको छ भने पोखरीबाट सिञ्चित क्षेत्रफल ७६.५ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुलो, नहर, पोखरी र बोरिङ्गबाट सिञ्चित क्षेत्रफल क्रमशः १.४ प्रतिशत, ०.४ प्रतिशत, १.१ प्रतिशत र ०.१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा कुलो, नहर, बोरिङ्ग र पोखरीको योगदान क्रमशः ४४.४ प्रतिशत, ३९.० प्रतिशत, १५.७ प्रतिशत र ०.९ प्रतिशत रहेको छ।

**चार्ट ३.४ : कोशी प्रदेशमा सिँचाईका स्रोतहरुको अवस्था**





*स्रोत: अध्ययन क्षेत्रका जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय।*

### ३.६ क्षेत्रगत कृषि कर्जा

२०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा २.० प्रतिशतले कमी भई रु.५५ अर्ब १६ करोड ८४ लाख रहेको छ। २०८१ पुस मसान्तमा यस्तो कर्जा ५.० प्रतिशतले कमी भई रु.५६ अर्ब ९० करोड १८ लाख रहेको थियो। कोशी प्रदेशमा २०८२ पुस मसान्तसम्म करिब रु.६ खर्ब ११ अर्ब ६४ करोड कुल कर्जा प्रवाह भएकोमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ९.० प्रतिशत रहेको छ।


**चार्ट ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था**




*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८२ पुस मसान्तसम्म कृषि कर्जाका विभिन्न शीर्षकहरुमा प्रवाहित कर्जा मध्ये अन्य कृषि तथा कृषिजन्य सेवामा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी २७.४ प्रतिशत रहेको छ। यसैगरी, २०८२ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा जिल्लागत रुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी रु.२१ अर्ब ३ करोड ७६ लाख (३८.१ प्रतिशत) र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम रु. ३२ करोड ८४ लाख (०.६ प्रतिशत) रहेको छ।

**चार्ट ३.६ : जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था**




*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौतीहरु

१. सिंचाइ, विद्युतीकरण, चक्लाबन्दी तथा यान्त्रीकरणमार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषिमा आधारित उद्योगका लागि कच्चा पदार्थको व्यवसायिक उत्पादन गर्नु ।
२. कृषिलाई व्यवसायीकरण गरी युवालाई उत्पादन, प्रशोधन र बजारीकरणमा आकर्षित गर्न अनुदान, तालिम, सहुलियतपूर्ण कर्जा, प्रविधि तथा बजार पहुँचको व्यवस्था गरी उत्पादनलाई मूल्यश्रृंखलामा आबद्ध गर्नु ।
३. बालीमा लाग्ने विभिन्न किराहरुको प्रकोप नियन्त्रण तथा रैथाने बालीहरुको संरक्षण र प्रवर्धन गर्दै जलवायु परिवर्तनले हुने अनियमित वर्षा, बाढी पहिरो, हावाहुरीका कारण कृषि उत्पादनमा पर्ने प्रभाव न्यूनीकरण गर्नु ।
४. वैदेशिक रोजगारीबाट फर्केका तथा स्वदेशमा नै कृषि व्यवसायमा आबद्ध हुन चाहने युवालाई सहुलियतपूर्ण कर्जा, तालिम, प्रविधि, बजार पहुँच अभिवृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी कृषि अर्थतन्त्रको निर्माण गर्दै कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्नु ।
५. पशुपन्छीजन्य उत्पादन तथा माछाजन्य उत्पादनको बजार पर्याप्त भएको र उत्पादनमा पनि आत्मनिर्भर हुँदै गएकोले बजारमा बिचौलियाहरुको उपस्थितिलाई कम गर्दै कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य पाउने गरी पशुजन्य तथा माछाजन्य उत्पादनको बजार सुनिश्चित गर्नु ।

### ३.७.२ सम्भावनाहरु

१. प्रदेशमा निर्माणाधिन तथा निर्माणसम्पन्न सडक र सिँचाइ आयोजनाको पहुँच क्षेत्रहरुमा आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बालीहरु (अलैंची, चिया, कफी, अदुवा, अम्रिसो, रुद्राक्ष) को व्यवसायिक उत्पादन प्रवर्धन गर्ने तथा बीउ बैंक स्थापना गर्ने प्रदेश सरकारको दोस्रो आवधिक योजनाको कार्यनीतिमा उल्लेख भएकाले तुलनात्मक लाभ भएका बालीहरुको व्यवसायिक उत्पादनमा वृद्धि हुने ।
२. सोलुखुम्बु, इलाम, पाँचथर, भोजपुर, धनकुटा लगायतका पहाडी जिल्लाहरुमा सुन्तलाजात, किवी, एभोकाडो जस्ता फलफूल खेतीको विस्तार हुँदै गएकोले त्यस्ता फलफूलको उत्पादनमा वृद्धि हुने भएकोले फलफूलमा आधारित साना तथा घरेलु उद्योगहरुको प्रवर्धन हुन सक्ने सम्भावना रहेको ।
३. कोशी प्रदेशको ७ वटा मध्यपहाडी जिल्लाहरुको स्थानीय तहहरुमा फलफूलबालीको विकास र विस्तारका लागि Nuts and Fruits in Hilly Areas Project (NAFHA) फलफूल बाली लक्षित आयोजना लागु हुने भएकोले इलाम, पाँचथर, धनकुटा, संखुवासभा जस्ता जिल्लाहरूमा विस्तार हुँदै गएको व्यवसायिक सुन्तला, किवी, एभोकाडो खेतीको विस्तारसँगै उत्पादन बढ्न गई निर्यात हुने सम्भावना रहेको ।
४. यस प्रदेशमा व्यवसायिक पशुपन्छी तथा मत्स्य पालन व्यवसायमा कृषकहरुको आकर्षण बढ्दै गएकोले बजारको माग अनुसारको उत्पादन बढाउन सके आत्मनिर्भर बन्न सकिने ।
५. कोशी प्रदेशको १३ वटा जिल्लाहरुमा संघ सशर्त अनुदान अन्तर्गत सिँचाई आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP) चालु अर्थिक वर्ष २०८२/८३ देखि कार्यान्वयनमा आउने भएकोले यस प्रदेशको समग्र खेतीयोग्य जमिनमा सिँचाइ सुविधा मार्फत विशेष गरी खाद्यान्न बाली धान, मकै र गहुँको उत्पादनमा वृद्धि हुने ।
६. बाँझो रहेका खेतबारीमा उत्तीस, चिलाउने, कटुस, मलातो, खयर लगायतका रुख प्रजातिको वृक्षरोपण बढ्दै गएको र वन व्यवस्थापन कार्यविधि २०८२ कार्यान्वयनमा आएकोले निजी क्षेत्रको वनजन्य उत्पादनमा वृद्धि हुने सम्भावना रहेको । साथै अरुण, दुधकोशी तथा खोला नदी तटीय क्षेत्रमा बाँस, अम्रिसो, लेमनग्रास, श्रीखण्ड लगायतका बहुमूल्य काठ तथा गैरकाष्ठ वन पैदावार खेती गर्न सकिने ।
७. प्रदेश सरकारले स्थानीय सम्भाव्यता तथा बजार सम्भाव्यताका आधारमा व्यवसायिक रूपमा फलफूल, चिया, कफी, मह तथा गाईभैंसी, बाख्रा, चौरी लगायतका अन्य पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण प्रवर्द्धन गर्न स्थानीय निकायसँगको समन्वयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेकोले कृषि तथा पशुपन्छीजन्य उत्पादनमा वृद्धि हुने ।

**बक्सः १ कन्काई मौरी पालन उद्योग**

भारतको पञ्जाब स्थित एक मौरीपालन कृषि फर्ममा ७ वर्षको अनुभव प्राप्त गरेर भारतको जम्मु एण्ड काश्मिर राज्यको रिजौरी जिल्ला कृषि विकास कार्यालय र झापा जिल्ला कृषि विकास कार्यालयबाट मौरीपालन तालिम लिएका ४४ वर्षिय भुवन अधिकारीले भारतबाट फर्किएर आएपछि वि.सं.२०६७ सालमा कन्काई नगरपालिका वडा नं.४ स्थित मौरीपालन टोल, टेक्रामा २० वटा घार ल्याई सुरु गर्नु भएको मौरीपालन व्यवसायमा हाल १५० वटा घार रहेको छ । कन्काई मौरीपालन उद्योग दर्ता गरी आफ्नै लगानीमा मौरीपालन व्यवसाय गर्दै आउनु भएको उहाँले भारतमा कमाएको रु.१० लाख रुपैयाँमा व्यवसायिक मौरीपालन शुरु गर्नु भएको हो । कक्षा १० सम्म अध्ययन गर्नु भएका अधिकारीले शुरुमा मौरीपालन गर्छु भन्दा परिवार, आफन्त तथा छरछिमेकीले अचम्म माने पनि अहिले भने उहाँको कामको तारिफ गरेको देखिन्छ । मौरीपालनबाट उल्लेखनीय आम्दानी हुने देखेपछि हाल गाउँमा व्यवसायिक मौरीपालन गर्ने किसानहरुको संख्या निकै बढेको छ ।






१५ वर्ष अघि रु.१० लाख लगानी गरिएको फर्ममा हाल रु.३० लाख रुपैयाँ स्वलगानी रहेको छ । फर्मले हाल ५ कट्ठा जमिनमा मौरीपालन सम्बन्धी सामग्री व्यवस्थापन गरिरहेको छ । विशेष गरी सेरेना र एपीस मेलिफेरा प्रजातिका मौरीपालन गरिरहेको यस फर्मले स्थानीय किसानहरुले लगाएको बालीहरु मध्ये तोरीको फूल, फापरको फूल, लिचीको फूल, रुदिलोको फूल, सिसौको फूल, सूर्यमुखीको फूल आदिमा मौरी चराउने गरेको पाईन्छ । अधिकारीका अनुसार मौरीले १० कि.मी. क्षेत्रफल वरिपरि आफ्नो चरन क्षेत्र बनाउने गरेको छ । सामन्यतया मह काढेको २२ देखि २५ दिनमा अर्को पटक मह काढ्न लायक हुन्छ भने एक बिघा मौरी चरन क्षेत्रफल भएमा ५ घार मौरी पालन गर्न सकिने हुन्छ । १ लीटर महको औसत उत्पादन लागत ३०० रुपैयाँ पर्छ भने औसत बिक्री आम्दानी रु.५ सय देखि ७ सय रुपैयाँ हुने गरेको छ । वार्षिक रुपमा रु.८ लाख सम्म नाफा आर्जन गर्न सफल फर्मले परिवारका सदस्य लगायत ७ जनालाई वार्षिक रुपमा रोजगारी दिएको छ भने उत्पादित महलाई स्थानीय बजारमा खुद्रा तथा होलसेल मूल्यमा बिक्री गर्ने गरेको छ । ३५ औं खाद्य दिवसको अवसरमा तत्कालिन कृषि मन्त्री हरिबोल गजुरेलको हातबाट दोस्रो ठूलो मौरीपालक किसान पुरस्कारबाट समेत उहाँ सम्मानित हुनु भएको थियो । उहाँका अनुसार मौरीपालन व्यवसायबाट उत्पादकत्व बढाउनका लागि मौरीको उन्नत जातको छनौट, मौरी चरन क्षेत्रको उचित व्यवस्थापन, विपद् व्यवस्थापन र उत्पादनको प्रभावकारी बजार व्यवस्थापन हुनुपर्छ । हाल गाउँघर र शहर बजारतिर नक्कली मह बेच्दै हिड्ने गरेको परिप्रेक्ष्यमा ग्राहकलाई विश्वास दिलाई शुद्ध प्राकृतिक मह बेच्न निकै अप्ठयारो भएको उहाँको अनुभव छ । सहुलियतपूर्ण कर्जा र बिमा सम्बन्धी जानकारी पाएको भएतापनि हालसम्म कुनै बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीले फर्ममा लगानी गर्न र बिमा गर्न चासो नदिएको उहाँ गुनासो गर्नुहुन्छ ।

*स्रोत : स्थलगत सर्वेक्षण, तस्बिरः सुनिल अधिकारी*


## परिच्छेद ४ : उद्योग क्षेत्र

### ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

#### ४.१.१ उद्योगको क्षमता उपयोग

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा यस प्रदेशका नमुना छनोटमा समेटिएका ४३ वटा उद्योगहरुको औसत क्षमता उपयोग ४२.९ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४८.६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा विशेषगरी प्रशोधित दुध, चाउचाउ, प्रशोधित चिया, गार्मेन्ट, टायर ट्युव, चप्पल, फलामको छड आदि उत्पादन गर्ने उद्योगहरुको बजार मागमा कमी आएकोले उद्योगहरुको औसत क्षमता उपयोगमा ह्रास आएको हो ।

**चार्ट ४.१ : उद्योगहरुको क्षमता उपयोगको अवस्था (प्रतिशतमा)**





*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु*

समीक्षा अवधिमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरु क्रमशः भटमासको तेल, तोरीको तेल, टायर तथा ट्युव, चाउचाउ, धागो, विस्कुट उत्पादन गर्ने समूहका उद्योगहरु रहेका छन् भने कम क्षमता उपयोग गर्ने उद्योगहरु वनस्पती घिउ, घरेलु धातुका सामान, प्रशोधित दुध, कच्चा छाला तथा सिमेण्ट उत्पादन गर्ने समूहका उद्योगहरु रहेका छन् । भटमासको तेल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९९.५ प्रतिशत रहेको छ भने घरेलु धातुका सामान र वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.३ प्रतिशत रहेको छ । औसतमा ५० प्रतिशत वा सो भन्दा बढी क्षमता उपयोग गर्ने उद्योग समूहहरु १२ वटा रहेका छन् भने ५० प्रतिशत भन्दा कम क्षमता उपयोग गर्ने उद्योग समूहहरूको संख्या १४ वटा रहेको छ ।

#### ४.१.२ उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा भटमासको तेल उत्पादन सबैभन्दा बढी २०९.६ प्रतिशतले वृद्धि भएको छ भने जिआई तारको उत्पादन सबैभन्दा बढी ६३.९ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा ११ वटा उद्योग समूहको उत्पादनमा वृद्धि भएको देखिन्छ भने १४ वटा उद्योग समूहको उत्पादनमा गत वर्षको तुलनमा गिरावट आएको देखिन्छ । भटमासको तेलको निर्यात बढेको र ईंटा तथा गार्मेन्टको बजार माग बढेकोले उत्पादन बढेको देखिन्छ भने कच्चा पदार्थको लागतमा भएको वृद्धि, निर्यातमा आएको कमी, सस्तो मूल्यमा हुने आयात, प्रतिकूल मौसम र चियामा लागेको रोग आदिको कारण जिआई तार, चप्पल, कच्चा छाला, चामल, चिया, चिनी, फलामाको छड, टायर, ट्यूब आदिको उत्पादनमा ह्रास आएको देखिन्छ ।

### चार्ट ४.२ : उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था (प्रतिशतमा)




*स्रोत :अध्ययन क्षेत्रमा समेटिएका उद्योगहरुबाट प्राप्त तथ्याङ्क*

### ४.१.३ औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था*

यस अध्ययनमा समेटिएका कोशी प्रदेशका ४३ वटा उद्योगहरुमा गत आ.व. २०८१/८२ को पुस मसान्तमा १७,५५९ जना श्रमिक कार्यरत रहेकोमा समीक्षा अवधिमा जम्मा १७,९५३ जना श्रमिक कार्यरत रहेका छन् जुन गत वर्षको सोही अवधिको तुलनामा २.२ प्रतिशतले बढेको देखिन्छ । समीक्षा अवधिमा झापा, उदयपुर र इलाम जिल्लाका उद्योगहरुमा क्रमशः ९.९ प्रतिशत, १४ प्रतिशत, ५.७ प्रतिशत श्रमिकले रोजगारी गुमाएको देखिन्छ ।

समीक्षा अवधिमा औद्योगिक रोजगारीमा जम्मा पुरुषको संख्या ६९.६ प्रतिशत र महिलाको संख्या ३०.४ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका उद्योगहरुमा कुल औद्योगिक रोजगारीको ९१.४ प्रतिशत श्रमिक स्वदेशी र ८.६ प्रतिशत श्रमिक विदेशी रहेका छन् । विशेष गरी फलामको छड, पत्ति तथा सामान, इँटा, धागो र जुटका सामान उत्पादन गर्ने उद्योगहरूमा तुलनात्मक रुपमा अन्य उद्योगहरूमा भन्दा बढी विदेशी कामदारहरूलाई रोजगारी प्रदान गरिएको देखिन्छ ।

**तालिका ४.१: जिल्लागत रुपमा औद्योगिक रोजगारीको अवस्था**

| जिल्लाको नाम | आ.व. २०८१/८२ पुस मसान्त | आ.व. २०८२/८३ पुस मसान्त | परिवर्तन | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| सुनसरी | ९,८४१ | १०,२२५ | ३८४ | ३.९ |
| मोरङ | ६,८८९ | ६,९८१ | ९५ | १.४ |
| झापा | ४५३ | ४०८ | -४५ | -९.९ |
| उदयपुर | २२२ | १९१ | -३१ | -१४.० |
| इलाम | १५७ | १४८ | -९ | -५.७ |
| **जम्मा** | **१७,५५९** | **१७,९५३** | **३९४** | **२.२** |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु*

** अध्ययन क्षेत्रका उद्योगहरूमा रोजगारीको अवस्था ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तमा कोशी प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जा २.१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६४ अर्ब ५ करोड पुगेको छ । २०८२ असार मसान्तमा उक्त कर्जा रु.१ खर्ब ६० अर्ब ६५ करोड रहेको थियो । २०८२ पुस मसान्तमा कुल कर्जामा गैरखाद्य वस्तु उत्पादन गर्ने उद्योगको प्रवाहित कर्जा अंश सबैभन्दा बढी ५२.३ प्रतिशत रहेको छ भने खानी सम्बन्धी उद्योग क्षेत्रमा प्रवाह भएको कर्जाको अंश सबैभन्दा कम ०.३ प्रतिशत रहेको छ ।

**तालिका ४.२ : औद्योगिक कर्जाको क्षेत्रगत अवस्था**

| क्षेत्र | समीक्षा अवधिको अवस्था (रु. करोडमा) | | | २०८२ पुस मसान्तमा औद्योगिक कर्जाको अंश |
|---|---|---|---|---|
| | २०८२ असार मसान्त | २०८२ पुस मसान्त | प्रतिशत परिवर्तन | |
| खानी सम्बन्धी | ५५.० | ५६.९ | ३.६ | ०.३ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ६,००१.६ | ५,७९७.७ | -३.४ | ३५.३ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ८,०२६.२ | ८,५७५.७ | ६.८ | ५२.३ |
| निर्माण | १,००८.१ | १,०६९.७ | ६.१ | ६.५ |
| विद्युत, ग्यास तथा पानी | १२६.४ | १३६.५ | ८.० | ०.८ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ८४७.२ | ७६८.१ | -९.३ | ४.७ |
| **जम्मा** | **१६,०६४.६** | **१६,४०४.७** | **२.१** | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ चुनौतीहरू

१. कोशी प्रदेशमा रहेका औद्योगिक पूर्वाधारलाई प्रभावकारी रुपमा सञ्चालन गर्नु तथा सञ्चालनमा नरहेका औद्योगिक पार्कलाई सञ्चालनमा ल्याई औद्योगिक उत्पादनमा अभिवृद्धि गर्नु ।

२. औद्योगिक क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन तथा आपूर्ति सुनिश्चितता गरी औद्योगिक क्षेत्रमा रोजगारी अभिवृद्धि गर्नु ।

३. यस क्षेत्रका उद्योग व्यवसायहरुको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरी निर्यात प्रवद्धनमार्फत अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार तथा व्यापार विविधिकरण गर्नु ।

४. आन्तरिक बजारको माग र निर्यात क्षमताको अभिवृद्धि गरी यस क्षेत्रका उद्योगहरूको उत्पादन क्षमता पूर्ण रूपमा उपयोग गर्ने वातावरण सिर्जना गर्नु ।

### ४.३.२ सम्भावनाहरू

१. बैंक तथा वित्तीय संस्थाको आधार दर घट्दै गएको र कर्जाको व्याजदरसमेत न्यून भएको अवस्थामा औद्योगिक क्षेत्रमा लगानी बढाई उत्पादन वृद्धि गर्न सकिने ।

२. भारत जस्तो ठूलो बजारमा यस क्षेत्रका औद्योगिक उत्पादन निर्यात गरी देशको व्यापार घाटा कम गर्न सकिने ।

३. कोशी प्रदेशमा रहेका औद्योगिक क्षेत्र तथा औद्योगिक पार्कहरुलाई पूर्णरुपमा संचालन गर्न सके यस क्षेत्रमा रोजगारी अवसर बढाउन सकिने ।

४. यस क्षेत्रमा उत्पादन हुने चियालाई अन्तराष्ट्रिय गुणस्तरको प्रमाणीकरण तथा ब्राण्डिङ गर्न सके चियाको निर्यातमा वृद्धि हुनसक्ने ।

## परिच्छेद ५: सेवा क्षेत्र

### ५.१ पर्यटन

#### ५.१.१ होटल तथा लज *

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा नमुना छनोटमा समेटिएका पर्यटकीय होटलमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कोशी प्रदेशमा बाह्य पर्यटकको आगमन संख्या १०.७ प्रतिशतले घटेर ३९ हजार २५ रहेको देखिन्छ। चिनीयाँ पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएतापनि भारतीय तथा तेस्रो मुलुकका पर्यटकको संख्यामा आएको गिरावटका कारण समग्र पर्यटकको आगमनमा कमी भएको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भारतबाट आउने पर्यटकको संख्या ५३ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ०.६ प्रतिशतले बढेको थियो भने चीनबाट आउने पर्यटकको संख्या ३१.१ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा छनोट भएका होटलको शैया संख्या ३.७ प्रतिशतले बढेको छ भने होटलहरुको औसत अकुपेन्सी दर ३३.४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो अकुपेन्सी दर ५३.४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा पर्यटकस्तरीय होटल व्यवसायमा संलग्न ९.१ प्रतिशतले रोजगारी गुमाएका छन् । गत वर्षको सोही अवधिमा रोजगारीमा १३.३ प्रतिशत वृद्धि भएको थियो ।

#### ५.१.२ हवाई सेवा

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा समग्र जहाज उडान संख्या ४.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या १.२ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा अवधिमा यस प्रदेशका विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या ८.३ प्रतिशतले बढेको देखिन्छ । अघिल्लो वर्षको सोही अवधिमा यात्रु संख्या २.१ प्रतिशतले बढेको थियो ।

**तालिका ५.१ : कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था**

| विवरण | आर्थिक वर्ष | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | गत अवधि) (%) | समिक्षा अवधि (%) |
| **हवाई जहाजको उडान संख्या** | | | | | |
| आगमन संख्या | १३,०५२ | १२,८९८ | १३,४५४ | -१.२ | ४.३ |
| निर्गमन संख्या | १३,०५६ | १२,९०० | १३,४६३ | -१.२ | ४.४ |
| **जम्मा जहाज उडान संख्या** | **२६,१०८** | **२५,७९८** | **२६,९१७** | **-१.२** | **४.३** |
| **यात्रु संख्या** | | | | | |
| आगमन संख्या | २,९०,९८० | २,९७,३९४ | ३,२३,२७६ | २.२ | ८.७ |
| निर्गमन संख्या | ३,०२,५३५ | ३,०८,५५६ | ३,३३,२३५ | १.९९ | ८.० |
| **समग्र यात्रु संख्या** | **५,९३,५१५** | **६,०५,९५०** | **६,५६,५११** | **२.१०** | **८.३** |


*स्रोतः नेपाल नागरिक उड्डयन प्राधिकरण*

**लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० वटा पर्यटकस्तरीय होटल बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गरिएको ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा घरजग्गा रजिष्ट्रेसन संख्या ८.३ प्रतिशतले घटेर ४१ हजार ९ सय ३९ पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्या ८.४ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन वापतको राजस्वमा ५४.० प्रतिशतले वृद्धि भई रु.२ अर्ब २ करोड ७२ लाख राजस्व संकलन भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्वमा १०.१ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ३१ करोड ६८ लाख राजस्व संकलन भएको थियो। समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या २४.७ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्या ९.४ प्रतिशतले घटेको थियो।

**चार्ट ५.१ : घरजग्गा कारोवारको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या

२०८२ पुस मसान्तसम्म कोशी प्रदेशमा वाणिज्य बैंकका ७६४, विकास बैंकका १९४, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८५६ गरी जम्मा १,८५० शाखाहरू रहेका छन्। यस मध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४५० शाखा र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम ३९ शाखा रहेका छन्। त्यसैगरी, झापामा ३५१, सुनसरीमा ३३६, उदयपुरमा ११५, इलाममा ९७, धनकुटामा ८४, पाँचथरमा ६८, संखुवासभामा ६०, भोजपुरमा ५६, ओखलढुङ्गामा ५४, तेह्रथुममा ४९, खोटाङमा ४९ र सोलुखुम्बुमा ४२ वटा शाखा रहेका छन्। २०८२ असार मसान्तसम्म कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाका कुल १८५१ शाखाहरू रहेका थिए।

**तालिका ५.२ कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| वर्ग | २०८२ | २०८२ |
|---|---|---|
| | असार मसान्त | पुष मसान्त |
| वाणिज्य बैंक | ७६३ | ७६४ |
| विकास बैंक | १९६ | १९४ |
| वित्त कम्पनी | ३६ | ३६ |
| लघुवित्त वित्तीय संस्था | ८५६ | ८५६ |
| **जम्मा** | **१,८५१** | **१,८५०** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन ५.१ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ८१ अर्ब २४ करोड पुगेको छ। अघिल्लो आ.व. को सोही अवधिमा कुल निक्षेपमा ३.१ प्रतिशतले वृद्वी भएको थियो । पछिल्लो समय रेमिट्यान्स आप्रवाह, विद्युतीय कारोबारमा भएको वृद्धि, तथा बैंकिङ सेवा विस्तार भएकोले निक्षेप परिचालन बढेको देखिन्छ। २०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा ०.३ प्रतिशतले कमी भई रु.६ खर्ब ११ अर्ब ६४ करोड पुगेको छ।

२०८२ पुस मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा ९.० प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २६.८ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६४.२ प्रतिशत रहेको छ।

**तालिका ५.३ : क्षेत्रगत कर्जाको अंश (प्रतिशत)**

| विवरण | २०८१ पुष मसान्त | २०८२ असार मसान्त | २०८२ पुष मसान्त |
|---|---|---|---|
| कृषि कर्जा | १०.४ | ९.७ | ९.० |
| औद्योगिक कर्जा | २४.१ | २५.२ | २६.८ |
| सेवा कर्जा | ६५.५ | ६५.१ | ६४.२ |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

**तालिका ५.४ कोशी प्रदेशमा निक्षेप र कर्जाको जिल्लागत हिस्सा (रु. करोडमा)**

| जिल्ला | निक्षेप | | | | कर्जा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०८२ असार मसान्तसम्म | २०८२ पुस मसान्तसम्म | वृद्धिदर प्रतिशत | जिल्लागत हिस्सा | २०८२ असार मसान्तसम्म | २०८२ पुस मसान्तसम्म | वृद्धिदर प्रतिशत | जिल्लागत हिस्सा |
| ताप्लेजुङ | ८३८.९ | ८३१.१ | -०.९ | १.४ | २५६.४ | २५५.० | -०.६ | ०.४ |
| संखुवासभा | १,२२०.८ | १,२८७.४ | ५.५ | २.२ | ५५२.२ | ५६४.१ | २.२ | ०.९ |
| सोलुखुम्बु | १,२१९.१ | १,२७२.३ | ४.४ | २.२ | ३२३.३ | ३२८.८ | १.७ | ०.५ |
| ओखलढुङ्गा | ८३४.८ | ८५५.७ | २.५ | १.५ | ४८४.५ | ४६७.७ | -३.५ | ०.८ |
| खोटाङ | ९०७.८ | ९६८.२ | ६.७ | १.७ | ३२६.० | ३४१.६ | ४.८ | ०.६ |
| भोजपुर | ७७८.९ | ८४७.४ | ८.८ | १.५ | ३१३.९ | ३२७.८ | ४.४ | ०.५ |
| धनकुटा | १,३१७.६ | १,२७४.६ | -३.३ | २.२ | ६४६.४ | ६४६.४ | ०.० | १.१ |
| तेह्रथुम | ७३३.७ | ७२३.६ | -१.४ | १.२ | २८०.० | २८१.७ | ०.६ | ०.५ |
| पाँचथर | १,०९१.१ | १,१०५.८ | १.३ | १.९ | ४७७.७ | ४८४.५ | १.४ | ०.८ |
| इलाम | २,०७२.५ | २,२३१.६ | ७.७ | ३.८ | १,११०.७ | १,०४८.० | -५.६ | १.७ |
| झापा | १२,४३४.९ | १३,४१०.५ | ७.८ | २३.१ | १३,४९३.८ | १२,९५०.१ | -४.० | २१.२ |
| मोरङ | १६,९४३.१ | १७,१७४.५ | १.४ | २९.५ | २८,११२.३ | २८,५५३.३ | १.६ | ४६.७ |
| सुनसरी | १२,९०९.७ | १४,०००.४ | ८.४ | २४.१ | १३,१४८.० | १३,०९५.३ | -०.४ | २१.४ |
| उदयपुर | २,०००.८ | २,१४१.२ | ७.० | ३.७ | १,८१३.७ | १,८२०.२ | ०.४ | ३.० |
| **जम्मा** | **५५,३०३.८** | **५८,१२४.२** | **५.१** | **१००** | ६१,३३९.० | ६१,१६४.३ | -०.३ | १०० |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८२ पुष मसान्तमा यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये मोरङमा ४६.७ %, सुनसरीमा २१.४ % र झापामा २१.२ % प्रवाहित भएको छ भने ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, भोजपुर, तेह्रथुम र पाँचथर जिल्लाहरुमा १% भन्दा कम कर्जा प्रवाह भएको देखिन्छ।

### ५.३.३ अन्य वित्तीय विवरण

२०८२ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ६.६ प्रतिशत, बचत निक्षेपको अंश ५५.८ प्रतिशत, मुद्दती निक्षेपको अंश ३१.५ प्रतिशत र अन्य निक्षेपको अंश ६.० प्रतिशत रहेको छ। समीक्षा अवधिमा चल्ती निक्षेप र मुद्दती निक्षेप रकम क्रमशः २.७ प्रतिशत र ८ प्रतिशतले घटेको छ भने बचत निक्षेप र अन्य निक्षेपको रकम क्रमशः १५.४ प्रतिशत र ५.५ प्रतिशतले बढेको छ। मुद्दती निक्षेपको व्याजदरमा आएको ह्रासका कारण मुद्दती निक्षेपमा गिरावट आएको देखिन्छ भने विप्रेषणमा आएको वृद्धि तथा बैंक तथा वित्तीय संस्था बाहेकका क्षेत्र प्रति मानिसहरुको घट्दो विश्वासका कारण बचत निक्षेपमा वृद्धि भएको देखिन्छ।

**तालिका ५.५ कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना** (रु. करोडमा)

| विवरण | गत अवधि | | समीक्षा अवधि | | वृद्धिदर प्रतिशत | | कुल निक्षेपमा हिस्सा |
|---|---|---|---|---|---|---|---|
| | २०८१ असार मसान्तसम्म | २०८१ पुस मसान्तसम्म | २०८२ असार मसान्तसम्म | २०८२ पुस मसान्तसम्म | गत अवधि | समीक्षा अवधि | |
| **कुल निक्षेप** | **४७,७९०.३** | **४९,२५१.६** | **५५,३०३.८** | **५८,१२४.२** | **३.१** | **५.१** | **१००** |
| चल्ती | ३,१२२.९ | २,९२९.१ | ३,९४८.१ | ३,८४२.५ | **-६.२** | **-२.७** | **६.६** |
| बचत | २१,१५६.९ | २३,९१९.३ | २८,११८.६ | ३२,४४७.२ | **१३.१** | **१५.४** | **५५.८** |
| मुद्दती | २०,६४१.१ | १९,५१८.९ | १९,९१८.६ | १८,३३३.९ | **-५.४** | **-८.०** | **३१.५** |
| अन्य | २,८६९.४ | २,८८४.२ | ३,३१८.५ | ३,५००.७ | **०.५** | **५.५** | **६.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तसम्म विपन्न वर्ग कर्जा २.४ प्रतिशतले वृद्धि भई रु.३९ अर्ब ९० करोड पुगेको छ। २०८१ पुस मसान्तमा उक्त कर्जा रु.४२ अर्ब ८० करोड रहेको थियो। २०८२ पुस मसान्तमा कुल कर्जाको तुलनामा यस्तो कर्जाको हिस्सा ६.५ प्रतिशत रहेको छ। २०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तमा सहुलियतपूर्ण कर्जा २७.९ प्रतिशतले घटेर रु.७ अर्ब ८५ करोड पुगेको छ। २०८१ पुस मसान्तमा उक्त कर्जा रु.११ अर्ब ९२ करोड रहेको थियो। २०८२ पुस मसान्तमा कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा १.३ प्रतिशत रहेको छ।

**तालिका ५.६ : कुल कर्जाको तुलनामा हिस्सा** (प्रतिशत)

| विवरण | २०८१ पुस मसान्तसम्म | २०८२ असार मसान्तसम्म | २०८२ पुस मसान्तसम्म |
|---|---|---|---|
| विपन्न वर्ग कर्जा | ७.३ | ६.४ | ६.५ |
| पुनरकर्जा | ०.० | ०.० | ०.० |
| सहुलियतपूर्ण कर्जा | २.० | १.८ | १.३ |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

यस प्रदेशमा २०८२ असार मसान्तमा सहुलियतपूर्ण कर्जाको कुल बक्यौता रकम रु.१० अर्ब ८९ करोड रहेकोमा २०८२ पुस मसान्त सम्ममा २७.९ प्रतिशतले कमी भइ रु.७ अर्ब ८५ करोड रहेको छ। सहुलियतपूर्ण कर्जाको कुल बक्यौता रकममा सबैभन्दा ठूलो हिस्सा व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाको ७१.९ प्रतिशत र महिला उद्यमशील कर्जाको २७.९ प्रतिशत रहेको छ।

**तालिका ५.७ : कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण( रु.दश लाखमा)**

| क.सं. | सहुलियतपूर्ण कर्जाको प्रकार | २०८२ असार मसान्त | २०८२ पुस मसान्त | वृद्धिदर | २०८२ पुस मसान्त (हिस्सा) |
|---|---|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | ०.० | ०.० | - | ०.० |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.० | ०.० | - | ०.० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | १५.२ | ७.९ | -४८.० | ०.१ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | १.० | ०.८ | -२०.० | ०.० |
| ५ | शिक्षित युवा स्वरोजगार कर्जा | ०.५ | ०.३ | -४०.० | ०.० |
| ६ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | २०.८ | ७.५ | -६३.९ | ०.१ |
| ७ | उच्च र प्राविधिक/व्यवसायिक शैक्षिक कर्जा | १.० | ०.८ | -२०.० | ०.० |
| ८ | व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | ७,३९५.९ | ५,६४८.५ | -२३.६ | ७१.९ |
| ९ | महिला उद्यमशील कर्जा | ३,४६५.० | २,१८८.१ | -३६.९ | २७.९ |
| १० | युवावर्ग स्वरोजगार कर्जा | ०.० | ०.० | - | ०.० |
| | **जम्मा** | **१०,८९९.३** | **७,८५३.९** | **-२७.९** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

यस प्रदेशमा २०८२ पुस मसान्तसम्म तोकिएको क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.२ खर्ब ८ अर्ब ४६ करोड रहेको छ। तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा मध्ये कृषि क्षेत्रमा रु.१ खर्ब १२ अर्ब ५२ करोड, उर्जा क्षेत्रमा रु.६६ करोड, साना तथा मझौला उद्योग क्षेत्रमा रु.८५ अर्ब ८३ करोड र पर्यटन क्षेत्र तर्फ रु.९ अर्ब ४५ करोड रहेको छ।

| विवरण | तालिका ५.८ : तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा (रु.करोडमा) | |
|---|---|---|
| | २०८२ असार मसान्तसम्म | २०८२ पुस मसान्तसम्म |
| कृषि | ११,४७२.० | ११,२५२.२ |
| उर्जा | ६४.७ | ६६.३ |
| साना तथा मझौला उद्योग | ८,८३५.० | ८,५८२.७ |
| पर्यटन | ९६८.० | ९४४.७ |
| **जम्मा** | २१,३३९.७ | २०,८४५.९ |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

यस प्रदेशमा २०८२ असार मसान्तको तुलनामा २०८२ पुस मसान्तमा निक्षेपकर्ताको संख्या १.२ प्रतिशतले वृद्धि भई ८३ लाख ४३ हजार ६३ पुगेको छ । त्यसैगरी ऋणीहरुको संख्या २.६ प्रतिशतले वृद्धि भई ३ लाख १७ हजार ५३० पुगेको छ ।

२०८२ पुस मसान्तमा कोशी प्रदेशमा कुल ए.टि.एम संख्या ६९९ पुगेको छ । यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २०७ वटा ए.टि.एम रहेका छन् भने ओखलढुङ्गामा सबैभन्दा कम १० वटा ए.टि.एम. रहेका छन् ।

**तालिका ५.९ : कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम.को संख्याको जिल्लागत विवरण (२०८२ पुस मसान्तसम्म)**

| जिल्ला | निक्षेपकर्ताको संख्या | ऋणीहरूको संख्या | बैंक शाखा संख्या | ए.टि.एम संख्या |
|---|---|---|---|---|
| ताप्लेजुङ | १,५४,७८६ | ३,३५० | ३९ | ११ |
| संखुवासभा | २,००,५३६ | ५,६९५ | ६० | १५ |
| सोलुखुम्बु | १,५८,८६७ | ३,४७४ | ४२ | १७ |
| ओखलढुङ्गा | २,००,०२१ | ५,९१२ | ५४ | १० |
| खोटाङ | १,९८,१६८ | ६,००४ | ४९ | १२ |
| भोजपुर | १,८५,५०६ | ४,५२६ | ५६ | १३ |
| धनकुटा | २,१३,९११ | ७,७४४ | ८४ | २० |
| तेह्रथुम | १,२२,३६९ | ४,४८८ | ४९ | १३ |
| पाँचथर | २,२४,२७९ | ६,३३६ | ६८ | १६ |
| इलाम | ४,०७,१६५ | १२,०३१ | ९७ | २९ |
| झापा | १९,२५,३७५ | ६९,२३७ | ३५१ | १५२ |
| मोरङ | २०,६१,२५४ | ९७,९६९ | ४५० | २०७ |
| सुनसरी | १८,३४,१९८ | ७३,७२२ | ३३६ | १४४ |
| उदयपुर | ४,५६,६२८ | १७,०४२ | ११५ | ४० |
| **जम्मा** | **८३,४३,०६३** | **३,१७,५३०** | **१,८५०** | **६९९** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

### ५.३.४ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कोशी प्रदेशका १४ जिल्लामा रहेका १५ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा जनकपुर कार्यालयबाट रु.१ अर्ब ४० करोड फण्ड ट्रान्सफर भएको, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका २ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु.३६ करोड ६० लाख फण्ड ट्रान्सफर भएको तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.१० अर्ब ११ करोड गरी कुल रु.११ अर्ब ८७ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभाग, जनकपुर कार्यालय र यस कार्यालयबाट गरी कुल रु.१४ अर्ब २३ करोड बराबरको फण्ड ट्रान्सफर भएको थियो ।

**तालिका ५.१० : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको जिल्लागत विवरण**

| जिल्ला | सीमा (रु. करोडमा) | | रकम (रु. करोडमा) | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | गत अवधि | समीक्षा अवधि | गत अवधि | समीक्षा अवधि | |
| | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | |
| ताप्लेजुङ | ४०.० | ४०.० | ६३.५ | ५७.० | -१०.२ |
| संखुवासभा | ४०.० | ४०.० | १६६.० | १६८.९ | १.७ |
| सोलुखुम्बु | ५०.० | ५०.० | ६.८ | १९.३ | १८६.२ |
| ओखलढुङ्गा | ३५.० | ३५.० | २९.३ | १७.३ | -४१.० |
| खोटाङ | ३०.० | ३०.० | ३०.० | ३०.० | ०.० |
| भोजपुर | ४०.० | ४०.० | ५४.० | ५५.८ | ३.२ |
| धनकुटा | ५०.० | ५०.० | १८.० | ३०.० | ६६.७ |
| तेह्रथुम | ४०.० | ४०.० | ६६.० | ६१.० | -७.६ |
| पाँचथर | ४०.० | ४०.० | ६२.० | ५२.० | -१६.१ |
| इलाम | ५५.० | ५५.० | ९०.० | ९०.० | ०.० |
| झापा | १३०.० | १३०.० | ४५८.५ | ३५६.० | -२२.४ |
| मोरङ | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| सुनसरी | ११०.० | ११०.० | २१४.५ | १४०.७ | -३४.४ |
| उदयपुर | ५५.० | ५५.० | १६५.० | ११०.० | -३३.३ |
| **जम्मा** | **७१५.०** | **७१५.०** | **१,४२३.६** | **१,१८७.९** | **-१६.६** |

*स्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय*

### ५.३.५ विदेशी विनिमय

२०८२ पुस मसान्तसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैंकबाट ५८ मनिचेञ्जर, ३ होटल, १ ट्रेकिङ्ग एजेन्सी र ३ अन्य गरी ६५ एजेन्सीहरूले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन् । आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा यस कार्यालयले बैंक तथा वित्तीय संस्थाहरू तथा अन्यबाट रु.३ करोड ५२ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद गरेको छ जसमध्ये रु.१ करोड १६ लाख बराबरको अमेरिकी डलर, रु.१२ लाख बराबरको युरो र रु.२ करोड २४ लाख बराबरको अन्य विदेशी मुद्रा रहेका छन् । समीक्षा अवधिमा यस कार्यालयले गत वर्षको सोही अवधिको तुलनामा ५१.७ प्रतिशत बढी विदेशी मुद्रा खरिद गरेको छ ।

**तालिका ५.११ : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा खरिद गरेको परिवर्त्य विदेशी मुद्राको विवरण (रु.करोडमा)**

| विवरण | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | | |
| अमेरिकी डलर | २.२ | ०.५ | १.२ | -७७.० | १३१.२ |
| यूरो | ०.६ | ०.२ | ०.१ | -६०.७ | -४४.१ |
| अन्य | ३.३ | १.६ | २.२ | -५१.४ | ४०.० |
| **जम्मा** | **६.०** | **२.३** | **३.५** | **-६१.५** | **५१.७** |

*स्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय*


समीक्षा अवधिमा अमेरिकी डलरको खरिद १३१.२ प्रतिशत र अन्य मुद्राको खरिद ४० प्रतिशतले बढेको छ भने युरो खरिद ४४.१ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस बैंकले रु.२ करोड ३२ लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो ।

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा कोशी प्रदेशमा कुल २० हजार ८४५ वटा सवारी साधन दर्ता भएको देखिन्छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २५.८ प्रतिशतले कम हो । मोटरसाईकलको दर्तामा सामान्य वृद्धि भएतापनि अन्य साधनहरुको दर्ता ५४.२ प्रतिशतले कमी आएकोले समग्र सवारी साधन दर्तामा कमी आएको देखिन्छ । २०८२ पुस मसान्तसम्म यस प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ जिल्लाहरुबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ ।

**चार्ट ५.२ : यातायातका साधनहरुको संख्या**





*स्रोत: यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय*

### ५.४.२ सञ्चार

२०८२ पुसमसान्त सम्ममा कोशी प्रदेशमा कुल वितरित टेलिफोन संख्यामा १.४ प्रतिशतले वृद्धि भइ ५३ लाख ३७ हजार ५ पुगेको छ । २०८२ असार मसान्तमा यो संख्या ५२ लाख ६१ हजार ५ सय ५० पुगेको थियो । त्यसैगरी, इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या ५.७ प्रतिशतले वृद्धि भई ५१ हजार २ सय १३ पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या १०.० प्रतिशतले बढेको थियो ।

**चार्ट ५.३ : कुल वितरित टेलिफोनको जिल्लागत अवस्था**




*स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.*

## ५.५ सेवा क्षेत्र कर्जा

२०८२ असारमसान्तको तुलनामा २०८२ पुस मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा १.० प्रतिशतले कमी भई रु.३ खर्ब ९२ अर्ब ३८ करोड पुगेको छ । समीक्षा अवधिमा सेवा कर्जामध्ये उपभोग्य कर्जामा सर्वाधिक ३५.५ प्रतिशत, थोक तथा खुद्रा बिक्रेता कर्जामा ३२.४ प्रतिशत र अन्य सेवामा सबैभन्दा कम ०.९ प्रतिशत कर्जा प्रवाह भएको छ। २०८२ असार मसान्तको तुलनामा सेवा क्षेत्रमा प्रवाहित कर्जा मध्ये शिक्षा क्षेत्रमा सबैभन्दा बढी १७.३ प्रतिशतले वृद्धि भएको छ भने अन्य सेवा कर्जा शीर्षकमा सबैभन्दा बढी ६.२ प्रतिशतले घटेको छ ।

**तालिका ५.१२ : कोशी प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जाको विवरण**

| विवरण | सेवा क्षेत्र कर्जा (रु.करोडमा) | | वृद्धिदर | २०८२ पुस मसान्त (कुल सेवा कर्जामा हिस्सा) |
|---|---|---|---|---|
| | २०८२ असार मसान्तसम्म | २०८२ पुस मसान्तसम्म | प्रतिशतमा | |
| यातायात, भण्डारण र सञ्चार | ६८८.० | ६६८.७ | -२.८ | १.७ |
| थोक तथा खुद्रा विक्रेता | १३,४१३.२ | १२,७२९.७ | -५.१ | ३२.४ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २,२५८.९ | २,२३०.३ | -१.३ | ५.७ |
| रियल स्टेट | १,९७९.१ | १,८५९.३ | -६.१ | ४.७ |
| पर्यटन | १,१९४.४ | १,१५२.३ | -३.५ | २.९ |
| अन्य सेवा | ३८६.८ | ३६२.७ | -६.२ | ०.९ |
| स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी | ६८८.६ | ७५९.० | १०.२ | १.९ |
| शिक्षा | १,५३७.१ | १,८०३.८ | १७.३ | ४.६ |
| उपभोग्य कर्जा | १३,६८८.५ | १३,९१८.२ | १.७ | ३५.५ |
| अन्य | ३,८०९.८ | ३,७५५.१ | -१.४ | ९.६ |
| **जम्मा** | ३९,६४४.३ | ३९,२३८.९ | -१.० | १०० |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

## ५.६ सहकारी*

२०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा सहकारी संस्थाहरूको कुल पूँजी ३.९ प्रतिशतले वृद्धि भएको छ । २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा सहकारी संस्थाहरूको कुल पूँजी ३.३ प्रतिशतले वृद्धि भएको थियो । २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा सहकारी संस्थाहरूको कुल बचत १७ प्रतिशतले तथा कुल कर्जा ४.८ प्रतिशतले बढेको छ । २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा सहकारी संस्थाहरूको सदस्य संख्या २.६ प्रतिशतले बढेको छ भने कर्मचारी संख्या २ प्रतिशतले घटेको छ । २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा सहकारी संस्थाहरूको सदस्य संख्या १० प्रतिशत र कर्मचारी संख्या ०.५ प्रतिशतले वृद्धि भएको थियो ।


**तालिका ५.१३ : सहकारी संस्थाहरूको पूँजी, बचत, ऋण, सदस्य संख्या र कर्मचारी संख्याको विवरण**

| विवरण | आर्थिक वर्ष | | | वृद्धिदर (%) | |
|---|---|---|---|---|---|
| | २०८० (पुस मसान्त) | २०८१ (पुस मसान्त) | २०८२ (पुस मसान्त) | गत वर्ष | समिक्षा अवधि |
| **कुल पूँजी (करोडमा)** | ४५०.३२ | ४६५.२६ | ४८३.२८ | ३.३ | ३.९ |
| **कुल बचत (करोडमा)** | २,४४४.१३ | २,८०१.०९ | ३,२७६.५९ | १४.६ | १७.० |
| **कुल ऋण (करोडमा)** | ३,५४३.७६ | २,८३७.४३ | २,९७४.१६ | -१९.९ | ४.८ |
| **सदस्य संख्या** | ४,१९,१६० | ४,६१,११६ | ४,७३,२०५ | १०.० | २.६ |
| **कर्मचारी संख्या** | १,९१९ | १,९२८ | १,८८९ | ०.५ | -२.० |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

**यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० ठूला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा गरिएको विश्लेषण ।*

**चार्ट ५.४ : सहकारी संस्थाहरूको पूँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशतमा)**




*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू*

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.७.१ चुनौतीहरु

१. सगरमाथा लगायतका हिमाली क्षेत्रमा आरोहणका क्रममा सर्जित फोहरमैला सरसफाई गरी हिमाली क्षेत्रमा स्वच्छता कायम गर्नु ।

२. यस क्षेत्रका ग्रामीण इलाकामा वित्तीय समावेशीता अभिवृद्धि गर्दै बैकिङ तथा वित्तीय सेवाको पहुँच अझ बिस्तार गर्नु ।

३. कोशी प्रदेशमा रहेका सामुदायिक अस्पतालको स्तरोन्नती गरी सेवाको गुणस्तरमा अभिवद्धि गर्नु ।

४. कम तलब, अधिक कार्यबोझ र वृत्ति विकासको सीमित अवसरका कारण होटल र रेष्टुरेन्ट क्षेत्रका दक्ष कर्मचारीलाई विदेश पलायन हुनबाट रोक्नु ।

५. यस क्षेत्रमा रहेका सबै जिल्लामा बैंकको पहुँच पुगेको र विद्युत् एवम् इन्टरनेटको पहुँच समेत विस्तार हुँदै गएकोले डिजिटल बैंकिङ्ग कारोबारमा हुने वृद्धि सँगै बढ्दो साइबर ठगी नियन्त्रण गर्नु ।

६. वर्षायाममा हुने बाढी पहिरोका कारण क्षतिग्रस्त सडक पूर्वाधारको समयमै पुनः निर्माण गरी राजमार्गहरुलाई चुस्तदुरुस्त बनाउनु ।

### ५.७.२ सम्भावनाहरू

१. यस प्रदेशको पर्यटकीय गन्तव्यहरुको पर्याप्त प्रचार प्रसार, पर्यटन पूर्वाधारको यथोचित विकास र सुविधा सम्पन्न होटल रेष्टुरेन्ट लगायतका पर्यटकलाई आवश्यक सुविधाको व्यवस्था गरी काठमाडौंस्थित ट्राभल्स एण्ड टुर्ससँग पर्याप्त समन्वय गर्नसके भारत तथा अन्य मुलुकबाट आउने पर्यटकको संख्यामा अपेक्षित दरले वृद्धि हुन सक्ने र पर्यटकको बसाई अवधि लम्ब्याउन तथा पर्यटकले गर्ने खर्च बढाउन सकिने सम्भावना देखिन्छ ।

२. कोशी प्रदेशमा रहेको प्रमुख राजमार्गहरुको स्तरोन्नती गर्ने कार्य भइरहेको र उत्तर दक्षिण जोड्ने राजमार्गहरुमा सुरङ्ग मार्ग निर्माण भई संचालनमा आएमा यसले यातायातको समय र लागत घटाउने सार्थै ढुवानी खर्चमा समेत कमी आउन सक्ने सम्भावना देखिन्छ ।

३. विद्युतीय सवारीमा लाग्ने करको दर कम गर्न सके विद्युतीय सवारी मागमा वृद्दि भई पेट्रालियम पदार्थको खपत कम हुने साथै सार्वजनिक सवारी लागत प्रभावकारी भई यातायात सेवा सर्वसुलभ हुन सक्ने सम्भावना देखिन्छ ।

४. हालै सरकारले ल्याएका विद्यालयको शुल्क सम्बन्धी नीतिले निजी विद्यालयमा समेत सर्वसाधारणको पहुँचमा बढोत्तरी भई शिक्षा क्षेत्र पनि सर्वसुलभ हुनसक्ने सम्भावना देखिन्छ ।


# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा आर्थिक वर्ष २०८२/८३ पुस मसान्तसम्ममा निर्माण सम्पन्न ६३ वटा जलविद्युत आयोजनाहरुको उत्पादन क्षमता ८८४.८ मेगावाट रहेको छ । त्यसैगरी, मोरङ जिल्लामा ग्रिड कनेक्टेड सोलार आयोजनाबाट ६.८ मेगावाट र झापा जिल्लामा झापा इनर्जी लिमिटेडबाट १० मेगावाट विद्युत उत्पादन भइरहेको छ। कोशी प्रदेशमा सञ्चालित आयोजनाहरुको कुल उत्पादन क्षमता ९०१.६ मेगावाट रहेको छ। चालु आर्थिक वर्षको ६ महिनामा निर्माण सम्पन्न भएका ४ वटा जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता ११३.९ मेगावाट रहेको छ ।

कोशी प्रदेशमा सञ्चालित जलविद्युत आयोजनामध्ये सोलुखुम्बु जिल्लामा सञ्चालित जलविद्युत आयोजनाहरुको सबैभन्दा बढी ३३९.४ मे.वा. विद्युत उत्पादन क्षमता रहेको छ । यस प्रदेशका जिल्लाहरूमध्ये इलाममा १७ वटा, संखुवासभामा ११ वटा, सोलुखुम्बुमा ९ वटा, ताप्लेजुङमा ८ वटा, पाँचथरमा ५ वटा, ओखलढुङ्गामा ४ वटा, भोजपुर र खोटाङमा ३/३ वटा तथा तेह्रथुममा १ वटा जलविद्युत आयोजना रहेका छन् भने झापा र मोरङमा १/१ वटा सोलार विद्युत आयोजना रहेका छन् ।

**चार्ट ६.१ : जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता)**




*स्रोत : विद्युत विकास विभाग*

**कोशी प्रदेशमा अवस्थित अर्थतन्त्रमा प्रभाव पार्ने ठुला आयोजना**

### ६.१.१ अरुण तेस्रो जलविद्युत आयोजना

अरुण तेस्रो जलविद्युत आयोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी दुई वटा आयोजना रहेका छन् । दुईवटा आयोजनाको कुल अनुमानित लागत रु.१ खर्ब ४५ अर्ब रहेको छ ।

- कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको **अरुण तेस्रो जलविद्युत आयोजना** निर्माण कार्य वि.सं.२०७५ वैशाखबाट प्रारम्भ भई वि.सं.२०८४ पुससम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको २०८२ पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ७४ प्रतिशत र ७८ प्रतिशत

रहेको छ । यस आयोजनामा स्वदेशी १,६८२ र विदेशी १,२४९ गरी कुल २,९३१ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

- वि.सं.२०७६ माघबाट प्रारम्भ भई वि.सं. २०८४ पुसमा सम्पन्न गर्ने लक्ष्य रहेको **अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारण लाइन** निर्माण आयोजनाको क्षमता ४०० के.भी. र लम्बाई २१७ किलोमिटर रहेको छ । संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ५७ प्रतिशत र ६० प्रतिशत (संशोधित) रहेको छ । उक्त आयोजनाबाट स्वदेशी १०० र विदेशी १३४ गरी कुल २३४ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ६.१.२ काकडभिट्टा लौकही सडक योजना

पूर्व पश्चिम राजमार्ग विस्तार आयोजना अन्तर्गत कोशी प्रदेशमा काकडभिट्टा लौकही खण्डमा स्तरोन्नतिको काम भइरहेको छ । राजमार्गलाई चार लेनमा स्तरोन्नति गरी शहरी क्षेत्र र बाक्लो बस्ती भएको स्थानमा चार लेनका अतिरिक्त राजमार्गको दुवै छेउमा सर्भिस लेन समेत निर्माण भइरहेको यो आयोजनालाई कोशी प्रदेशमा दुई खण्डमा विभाजन गरिएको छ ।

- यस राजमार्गको **पूर्वी खण्ड**लाई दुईवटा प्याकेज (प्याकेज १ र ४) मा विभाजन गरेर निर्माण भइरहेको छ। वि.स. २०८० माघबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको प्याकेज १ अन्तर्गत ४५ किलोमिटर लम्बाई रहेको सडकको कुल अनुमानित लागत रु.१० अर्ब ६९ करोड रहेको छ । २०८३ माघसम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस प्याकेजको २०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ३४.६ प्रतिशत तथा ३१.३ प्रतिशत रहेको छ । यस आयोजनाबाट कुल ५१० जनाले रोजगारी पाइरहेका छन् । प्याकेज ४ अन्तर्गत निर्माण भइरहेको १.४ कि.मि. लामो पुलको २०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः २४.६ प्रतिशत तथा २३.५ प्रतिशत रहेको छ । यस प्याकेज अन्तर्गत कुल ११० जनाले रोजगारी पाइरहेका छन् ।
- यस राजमार्गको **पश्चिम खण्ड**लाई तीनवटा प्याकेज (प्याकेज २, ३ र ५) मा विभाजन गरेर निर्माण भइरहेको छ । वि.स. २०८० माघबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको निर्माण कार्य २०८३ माघ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्याकेज २ अन्तर्गत ४० किलोमिटर लम्बाइ रहेको सडकको कुल अनुमानित लागत रु.९ अर्ब १३ करोड रहेकोमा २०८२ पुस मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ३३.६ प्रतिशत तथा २८.५ प्रतिशत रहेको छ । प्याकेज ३ अन्तर्गत १०.८ किलोमिटर लम्बाई रहेको सडकको कुल अनुमानित लागत रु.४ अर्ब ७ करोड रहेकोमा २०८२ पुस मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः १५.६ प्रतिशत तथा १२.३ प्रतिशत रहेको छ । प्याकेज ५ अन्तर्गत रतुवा, वक्राहा र लोहन्द्रा खोलामा कुल १.३ कि.मि. लम्बाई भएका पुलहरु निर्माण भइरहेका छन् । यी पुलहरुको समग्रमा २०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः २८.८ प्रतिशत तथा २३.६ प्रतिशत रहेको छ । यस खण्ड अन्तर्गत समग्रमा कुल १११६ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ६.१.३ कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना

कुशाहा देखि विराटनगरसम्म उच्च भोल्टेज प्रसारण लाइन विस्तार गर्ने उद्देश्य सहित आ.व.२०७४/७५ बाट निर्माण प्रारम्भ गरिएको कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना आ.व.२०८२/८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७७.१ प्रतिशत र ७७.५ प्रतिशत रहेको छ। विभिन्न प्राविधिक तथा व्यवस्थापकीय कारणले समग्र समयतालिका प्रभावित भई तोकिएको समयमा सम्पन्न गर्न कठिन हुने भएकोले हाल आयोजना म्याद थपको चरणमा रहेको छ । यस आयोजनामा १३२ के.भी/डबल सर्किट, २३ कि.मि प्रसारण लाइन तथा २६३ एम.भि.ए., १३२/३३ के.भि. सवस्टेशन निर्माण गर्न अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ । यस आयोजनामा हाल १२ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ६.१.४ पुष्पलाल मध्यपहाडी राजमार्ग

पूर्वमा पाचँथरको चियोभन्ज्यांग (चेवा) देखि पश्चिममा वैतडीको झुलाघाट जोड्ने १८७९ कि.मि. लम्बाई भएको राष्ट्रिय गौरवको पुष्पलाल मध्यपहाडी राजमार्गको कोशी प्रदेश अन्तर्गत कुल लम्बाई ५१७ कि. मि. रहेको छ । यस लोकमार्गको दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ ।

- यस राजमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ। वि.स. २०६९ वैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई ३८६ किलोमिटर तथा कुल अनुमानित लागत रु.८ अर्ब ९० करोड रहेको छ। आ.व. २०८४/८५ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ।
- त्यसैगरी यस राजमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ । आ.व.२०७१/०७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई १३१ किलोमिटर रहेको छ । जसमध्ये हलेसी दिक्तेल सडक खण्ड ३५ किलोमिटर र हर्कपुर जयरामघाट सडक खण्ड १४ किलोमिटरको निर्माण कार्य सम्पन्न भई सडक डिभिजन कार्यलय हर्कपुरको मातहतमा रहेको छ । यस खण्ड अन्तर्गत निर्माण कार्य भइरहेको ८४ किलोमिटर सडक तथा पुलको निर्माण कार्य २०८४/०८५ मा सम्पन्न हुने र आयोजनाको कुल लागत रु.२ अर्ब १४ करोड लाग्ने अनुमान गरिएको छ ।

कोशी प्रदेश अन्तर्गत पुष्पलाल मध्यपहाडी राजमार्गको विभिन्न ८ फरक फरक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता भइ निर्माण कार्य भइरहेको छ । यस आयोजना अन्तर्गत निर्माण भइरहेका सडक तथा पुलको वि.सं. २०८२ पुस मसान्तसम्मको समग्रमा भौतिक र वित्तीय प्रगति समग्रमा क्रमसः ८२.६ प्रतिशत र ८५.२ प्रतिशत रहेको छ ।

### ६.१.५ हुलाकी राजमार्ग

पूर्व पश्चिम राजमार्ग बाट दक्षिण, तराइका शहरहरु र भारतीय सीमा नजिक तराई मधेसका जिल्लाहरु जोड्ने हुलाकी राजमार्गको कुल लम्बाई १७९२ कि.मि. रहेको छ । कोशी प्रदेशको झापा, मोरङ र सुनसरी तथा मधेश प्रदेशको सप्तरी जिल्ला अन्तर्गत रहेको राष्ट्रिय गौरव आयोजना हुलाकी राजमार्गको कुल लम्बाई ३४३ किलोमिटर रहेको छ। यस खण्ड अन्तर्गत ४१ वटा पुलहरु रहेका छन् । आ.व. २०६६/६७ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको अनुमानित लागत रु.१५ अर्ब रहेको छ । आ.व. २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाको वि.सं. २०८२ पुस मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५ प्रतिशत तथा ७० प्रतिशत रहेको छ ।

### ६.१.६ मदन भण्डारी राजमार्ग (भित्रि तराई राजमार्ग)

कोशी प्रदेशमा सञ्चालनमा रहेको राष्ट्रिय गौरव आयोजना मदन भण्डारी राजमार्ग दुई खण्डमा विभाजन गरी निर्माण कार्य भइरहेको छ ।

यस राजमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लामा पर्दछ । यस खण्डको कुल लम्बाई १३० किलोमिटर रहेको छ । अनुमानित लागत रु.१० अर्ब १३ करोड रहेको यस खण्ड आ.व.२०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भई आ.व.२०८३/८४ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८२ प्रतिशत तथा ८० प्रतिशत रहेको छ । यस खण्डमा महिला ५० तथा पुरुष १०० जना गरी जम्मा १५० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

राजमार्गको **दोस्रो खण्ड** कोशी प्रदेशको उदयपुर र खोटाङ तथा बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ । उदयपुर-सिन्धुली खण्डको कुल लम्बाई १३५ कि.मि. रहेको छ । आ.व.२०७५/७६ बाट निर्माण कार्य प्रारम्भ भएको यो खण्डको हाल निर्माण कार्य सम्पन्न भइसकेको छ । यस खण्डको कुल लागत रु.१३ अर्ब १२ करोड रहेको छ ।

### ६.१.७ कोशी (उत्तर दक्षिण) सडक योजना

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको दक्षिणमा भारतको सीमाना रानीदेखि वसन्तपुर, खाँदबारी हुँदै नेपालको उत्तरी सीमाना किमाथाङ्का जोड्ने यस राजमार्गको कुल लम्बाई ३४५ कि.मि. रहेको छ । राजमार्ग अन्तर्गत धरानदेखि खाँदबारीसम्मको १३४ कि.मि. खण्डको निर्माण कार्य सम्पन्न भएर डिभिजन सडक कार्यालयको मातहतमा गइसकेको छ ।

- यस राजमार्ग अन्तर्गतको **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना** निर्माण कार्य आ.व. २०६९/७० बाट प्रारम्भ भएको हो । कुल लम्बाई ४९ कि.मि. रहने यस ६ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब ९८ करोड रहेको छ । यस आयोजनाको वि.सं.२०८२ पुस मसान्तसम्मको भौतिक प्रगति ९६ प्रतिशत तथा वित्तीय प्रगति पनि समान ९६ प्रतिशत रहेको छ । यस आयोजनामा १६ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।
- यस राजमार्गको अन्तर्गत पर्ने संखुवासभा जिल्लाको खाँदबारीदेखि उत्तरी सीमा किमाथांकासम्मको **कोशी कोरिडोर सडक आयोजना**को कुल लम्बाई १६२ कि.मि. रहेको छ । आ.व.२०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको कुल अनुमानित लागत रु.१६ अर्ब २० करोड रहेको छ । आ.व.२०८७/८८ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४६ प्रतिशत र ४२ प्रतिशत रहेको छ । यस आयोजनामा ७७० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ६.१.८ प्रदेश गौरवको आयोजना : विराटचोक-धिनाघाट सडक आयोजना

कोशी प्रदेशको प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको कुल लम्बाई २२ कि.मि. रहने यस ४ लेन सडकको निर्माण कार्य आ.व.२०७५/७६ बाट प्रारम्भ भएको हो । यस आयोजनाको कुल अनुमानित लागत रु.२ अर्ब ५ करोड रहेको छ । यस आयोजनाको १ कि.मि. देखि १० कि.मि. सम्म, ११ कि.मि. देखी २० कि.मि. सम्म तथा २१ कि.मी देखि २२ कि.मि.सम्म गरी तीन प्याकेज अन्तर्गत निर्माण कार्य भईरहेकोमा दोस्रो र तेस्रो प्याकेज अन्तर्गत निर्माण सम्पन्न भई हस्तान्तरण भईसकेको छ । निर्माणको अन्तिम चरणमा रहेको पहिलो प्याकेजको वि.सं.२०८२ पुस मसान्तसम्मको भौतिक प्रगति ९८ प्रतिशत तथा वित्तीय प्रगति ८९ प्रतिशत रहेको छ ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौतीहरू

१. हालैका दिनमा पश्चिम एसियामा बढिरहेको द्वन्दका कारण पेट्रोलियम पदार्थ, विटुमिन जस्ता निर्माण सामाग्रीमा भइरहेको मूल्यवृद्धिका कारण निर्माणाधिन आयोजनाहरुको अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्यरुपमा बढ्न सक्ने ।

२. गत असोज महिनामा आएको अविरल वर्षाले गर्दा आएको बाढी पहिरोका कारण यस प्रदेशको इलाम लगायतका जिल्लाका भौतिक पूर्वाधारमा ठूलो क्षति पुगेकाले क्षति भएका स्थानहरूमा समयमै स्थायी संरचना निर्माण गर्नु र प्राकृतिक प्रकोपबाट पूर्वाधार क्षेत्रमा हुनसक्ने क्षति न्यूनीकरण गर्न आवश्यक संरचना निर्माण गर्नु ।

३. निर्माण व्यवसायीहरुको क्षमता पहिचान गर्नु तथा क्षमता भन्दा बढी ठेक्का लिने प्रवृत्तिमा रोक लगाउनु ।

४. सार्वजनिक निर्माण सम्बन्धी आयोजनाहरुमा आयोजना प्रमुख र सम्बन्धित प्राविधिक कर्मचारीहरुलाई कामप्रति पूर्णरुपमा जिम्मेवार बनाउँदै आयोजना सम्पन्न नभएसम्म सरुवा नगर्ने प्रणालीको विकास गर्नु ।

५. प्रत्येक परियोजनालाई आर्थिक, सामाजिक तथा वातावरणीय आधारमा प्राथमिकता निर्धारण गर्नु तथा प्रत्येक परियोजनाका लागि उपयुक्त लगानी मोडालिटी तय गर्नु ।

### ६.२.२ सम्भावनाहरू

१. हालसालै सम्पन्न निर्वाचन पश्चात देश राजनीतिक रुपमा स्थिरताको दिशामा अगाडि बढेकाले चालु पूर्वाधार परियोजनाहरुले गति लिने साथै नँया पूर्वाधार परियोजना निर्माणमा सरकारको ध्यान केन्द्रित हुन सक्ने ।

२. पूर्व पश्चिम राजमार्गको स्तरोन्नती गर्ने कार्य भइरहेकाले यस क्षेत्रमा यातायात आवागमन सहज हुने तथा आर्थिक गतिविधि विस्तार हुने ।

३. अरुण नदीमा निर्माणाधिन अरुण ३ र माथिल्लो अरुण जस्ता जलविद्युत आयोजना र ४०० के.भी. प्रसारण लाइन निर्माण आयोजनाको निर्माण कार्य सन्तोषजनक रुपमा अघि बढिरहेकोले कोशी प्रदेश देशकै जलविद्युत केन्द्र बन्न सक्ने ।

४. यस प्रदेशमा उत्पादन हुने चिया, अदुवा, अम्रिसो, अकबरे खुर्सानी र अलैंची जस्ता नगदेबालीहरु प्रशोधनका लागि औद्योगिक पार्क र कोल्ड स्टोरेज निर्माण गर्नसके कृषिजन्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्न सकिने ।

५. प्रदेश सरकारको बजेट तथा स्थानीय पालिकाहरूको कार्ययोजनामा पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको हुनाले भौतिक पूर्वाधार निमार्णले गति लिन सक्ने ।

**बक्सः २ विराटनगर विमानस्थल टर्मिनल भवन**

विराटनगर विमानस्थलमा यात्रुहरूको सुविधा बढाउन नेपाल नागरिक उड्डयन प्राधिकरण (CAAN) को पहलमा निर्माण भइरहेको नँया टर्मिनल भवनको काम अन्तिम चरणमा पुगेको छ। K C Danfe JV सँग २७ नोबेम्बर २०२२ मा सम्झौता भई १ जनवरी २०२३ देखि सुरु गरिएको उक्त आयोजनाको कुल लागत रु.३ अर्ब १३ करोड रहेको छ। प्रारम्भिक रूपमा ३६ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिए पनि विभिन्न प्राविधिक तथा व्यवस्थापकीय कारणले समग्र समयतालिका प्रभावित भएको जनाइएको छ। संशोधित कार्यतालिका अनुसार वि.सं. २०८३ साल पुस सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

निर्माणको गति सन्तोषजनक रहेको आयोजनाको पुस मसान्तसम्मको भौतिक प्रगति ७२.०३ प्रतिशत पुगेको छ भने वित्तीय प्रगति ६७.७४ प्रतिशत रहेको छ। निर्माणाधीन टर्मिनल भवनलाई आधुनिक सुविधा सम्पन्न बनाइँदैछ। ग्राउन्ड फ्लोरमा २७५ यात्रु अट्ने डोमेस्टिक बोर्डिङ वेटिङ क्षेत्र रहनेछ भने पहिलो तलामा ३५२ सिट क्षमताको प्रतीक्षालय रहनेछ। सन् २०३५ सम्ममा १३ लाख २४ हजार २४३ आन्तरिक यात्रु व्यवस्थापन गर्न सक्ने गरी डिजाइन गरिएको छ।



यस भवनमा १४ वटा चेक-इन काउन्टर, ३ VIP कक्ष, १ मिडिया कन्फरेन्स कक्ष, CIP वेटिङ सुविधा, कन्वेयर बेल्ट प्रणाली, काउन्टर टेररिज्म ट्रीटमेन्ट रुम, क्वारेन्टाइन तथा इन्फ्यान्ट रुमको व्यवस्था रहनेछ।

संरचनाअनुसार ग्राउन्ड फ्लोरमा एयरलाइन्स अफिस, रेस्टुरेन्ट, चेक-इन क्षेत्र, आगमन कक्ष र १० व्यापारिक सटर रहनेछन्। पहिलो तलामा रेस्टुरेन्ट, फुड कोर्ट र स्टेराइल हल निर्माण गरिँदैछ भने दोस्रो तलामा कार्यालय क्षेत्र, CIP कक्ष तथा एयरलाइन्स अफिस रहनेछन्। परियोजना सम्पन्न भएपछि विराटनगर सहित पूर्वी क्षेत्रको हवाई सेवा थप व्यवस्थित र आधुनिक बन्ने अपेक्षा गरिएको छ।

स्रोतः स्थलगत सर्वेक्षण, तस्विरः सन्दिप खड्का

## ६.३ रोजगारी

### ६.३.१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

नेपालको संविधानले रोजगारीलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको व्यवस्थालाई कार्यान्वयन गर्न सञ्चालनमा ल्याइएको एक महत्वपूर्ण कार्यक्रम राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम हो । यसअघि सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जन गरी हाल यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो जसको मुख्य उद्देश्य देशभित्र रोजगारीका अवसर सिर्जना गर्नु, बेरोजगार युवाहरूलाई काममा संलग्न गराउनु तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप र अनुभवलाई देशमै उपयोग गर्नु हो । कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिहरूले स्थानीय तहअन्तर्गतका रोजगार सेवा केन्द्रमा दर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ र यसका लागि दर्ता गर्ने समयसीमा चैत मसान्तसम्म निर्धारण गरिएको छ । दर्ता भएका व्यक्तिहरूलाई प्राथमिकताका आधारमा न्यूनतम रोजगारी उपलब्ध गराइनेछ भने स्थानीय तहले आफ्नै स्रोत, साधन र आवश्यकताका आधारमा रोजगारीका विभिन्न कार्यक्रम सञ्चालन गर्नेछन् । साथै, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई स्वरोजगार तथा उद्यमशीलतामा प्रोत्साहन गर्ने व्यवस्था पनि गरिएको छ । यो कार्यक्रम प्रभावकारी रूपमा लागु गर्न सकिएमा बेरोजगारी न्यूनीकरण भई देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### ६.३.२. वैदेशिक रोजगारी

कोशी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ को साउनदेखि पुस मसान्तसम्मको तुलनामा समिक्षा अवधिमा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ०.४ प्रतिशतले वृद्धि भई कुल ८४ हजार ३ सय २४ जना रहेका छन् । गत वर्ष सोहि अवधिमा कुल ८३ हजार ९ सय ४८ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका थिए । समीक्षा अवधिमा यस प्रदेशमा श्रम स्वीकृति लिनेको संख्याको वृद्धिदरमध्ये सोलुखुम्बु जिल्लामा सबैभन्दा बढी १३.६ प्रतिशत रहेको छ भने सुनसरी जिल्लामा ४.२ प्रतिशतले कमी आएको छ ।

**तालिका : ६.१ वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण**

| जिल्ला | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| ताप्लेजुङ | २,११८ | २,०८२ | -१.७ |
| संखुवासभा | २,४०२ | २,४५३ | २.१ |
| सोलुखुम्बु | १,७७४ | २,०१६ | १३.६ |
| ओखलढुङ्गा | २,५४१ | २,६३६ | ३.७ |
| खोटाङ | ४,३०२ | ४,३८३ | १.९ |
| भोजपुर | ३,६८७ | ३,७८८ | २.७ |
| धनकुटा | ३,३५१ | ३,५६६ | ६.४ |
| तेह्रथुम | १,७०५ | १,७२७ | १.३ |
| पाँचथर | ३,१८९ | ३,१६६ | -०.७ |
| इलाम | ४,७३७ | ४,८३६ | २.१ |
| झापा | १८,४२४ | १८,२८८ | -०.७ |
| मोरङ | १६,४४२ | १६,६०२ | १.० |
| सुनसरी | १३,१२२ | १२,५६८ | -४.२ |
| उदयपुर | ६,१५४ | ६,२१३ | १.० |
| **जम्मा** | **८३,९४८** | **८४,३२४** | **०.४** |

*स्रोत: वैदेशिक रोजगार विभाग*

### ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

#### ६.४.१ चुनौतीहरू

१. नेपाली श्रमिकहरुको प्रमुख श्रम गन्तव्य पश्चिम एसियाका देशहरुमा हालैका दिनहरुमा बढिरहेको द्वन्दका कारण उक्त देशहरुमा वैदेशिक रोजगारीमा गएका नागरिकहरुको रोजगारीमा अनिश्चितता आउन सक्ने ।
२. वार्षिक रुपमा श्रम बजारमा आउने युवा श्रम शक्तिलाई श्रम बजारको माग अनुरुप सीप सिकाई, रोजगार, स्वरोजगार तथा उद्यमशील बनाइ देशभित्रै रोजगारी सिर्जना गर्नु ।
३. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, पूँजी, अनुभव र प्रविधिको उपयोग गरी स्वदेशमै रोजगार, स्वरोजगार र उद्यमशिलता विकास गर्ने कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गर्नु ।
४. न्यून तलबका कारण डाक्टर, नर्स, ल्याब प्राविधिक जस्ता विशिष्टिकृत जनशक्तिहरु विदेश पलायन हुने दर तीव्र रहेकाले समयानुकूल सेवा सुविधा निर्धारण गरी त्यस्ता जनशक्तीलाई स्वदेशमै काम गर्ने वातावरण निर्माण गर्नु ।

#### ६.४.२ सम्भावनाहरु

१. देश राजनीतिक रुपमा स्थिरताको दिशामा अगाडि बढेकाले पूँजिगत खर्चमा वृद्धि हुने तथा चालु पूर्वाधार परियोजनाहरुले गति लिनसक्ने भएकाले देशभित्रै रोजगारीका अवसरहरु सिर्जना हुनसक्ने ।
२. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत मुलुकको श्रम बजारमा आउने युवा श्रमशक्तिलाई श्रम बजारको माग अनुरुप सीप सिकाई, रोजगार, स्वरोजगार तथा उद्यमशीलता विकासका कार्यक्रमहरु सञ्चालन हुने चरणमा रहेकाले थप रोजगारीका अवसरहरु सिर्जना हुने ।
३. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, पूँजी, अनुभव र प्रविधिको उपयोग गरी रोजगार, स्वरोजगार र उद्यमशिल विकास गर्ने कार्यक्रमहरु सञ्चालन गरी देशभित्रै आयआर्जन र रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने ।
४. यस प्रदेशमा उत्पादन हुने नगदेवालीहरु चिया, अदुवा, अलैंची, अम्लिसो, अकबरे खुर्सानी आदि जस्ता स्वदेशी उत्पादन एवं कच्चापदार्थमा आधारित उद्योगको विकास मार्फत कृषि उपजलाई कच्चा पदार्थको रुपमा मूल्य श्रृङ्खलामा आबद्ध गरी स्थानीय स्तरमै उद्यमशीलता र स्वरोजगार सिर्जना गर्न सकिने ।

# परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति

आ. व. २०८२/८३ का लागि कोशी प्रदेश सरकारले कुल रु.३५ अर्ब ९५ करोड बजेट विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार पहिलो ६ महिनाको अवधिमा रु.६ अर्ब ४ करोड खर्च भएको छ, जुन कुल विनियोजनको १६.८ प्रतिशत हो । आ.व. २०८१/८२ को सोही अवधिमा २४.९ प्रतिशत खर्च भएको थियो ।

आ. व. २०८२/८३ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१८ अर्ब ७१ करोडमध्ये समिक्षा अवधिसम्म रु.४ अर्ब ३४ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको २३.२ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ३३.२ प्रतिशत रहेको थियो । त्यसैगरी, पूँजीगत खर्चतर्फ विनियोजन भएको रु.१७ अर्ब १४ करोड मध्ये समीक्षा अवधिको अन्त्य सम्म रु.१ अर्ब ७० करोड खर्च भएको छ जुन पूँजीगत खर्चको ९.९ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च १५.५ प्रतिशत रहेको थियो ।

कोशी प्रदेश सरकारले आ.व.२०८२/८३ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट गरी कुल अनुमानित राजस्व रु.३५ अर्ब ८७ करोड मध्ये ३ अर्ब १३ करोड नगद मौज्दात बाहेक रु.३२ अर्ब ७५ करोड राजश्व परिचालन गर्ने अनुमान गरेकोमा २०८२ पुस मसान्तसम्म रु.१२ अर्ब ९९ करोड राजस्व परिचालन गरेको छ जुन कुल राजस्व अनुमानको ३९.७ प्रतिशत हो ।

आ.व. २०८२/८३ मा कोशी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब २८ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८२ पुस मसान्तसम्म कुल रु.६ अर्ब १५ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम सवैभन्दा बढि रु.४ अर्ब ४९ करोड रहेको छ भने समपुरक अनुदानको रकम सबैभन्दा कम रु.१३ करोड रहेको छ ।

**तालिका ७.१: कोशी प्रदेश सरकारको वित्तीय प्रगति विवरण**

| शीर्षक | आ.व.२०८१/८२ | | आ.व.२०८२/८३ | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट (सं) | यथार्थ (साउन-पुस) | बजेट | यथार्थ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) |
| **कुल खर्च (रु. अर्ब)** | **३५.३** | **८.८** | **३५.९** | **६.०** | **२४.९** | **१६.८** |
| चालु खर्च | १८.७ | ६.२ | १८.७ | ४.३ | ३३.२ | २३.२ |
| पूँजीगत खर्च | १६.५ | २.६ | १७.१ | १.७ | १५.५ | ९.९ |
| वित्तीय व्यवस्था खर्च | ०.० | ०.० | ०.१ | ०.० | ०.० | ०.० |
| **कुल राजश्व (रु. अर्ब)** | **३१.९** | **१०.७** | **३२.८** | **१३.०** | **३३.४** | **३९.७** |
| अनुदान प्राप्ति (रु. अर्ब) | १४.५ | ३.९ | १४.३ | ६.२ | २६.८ | ४३.१ |

*स्रोत : कोशी प्रदेश सरकारको बजेट वक्तव्य तथा प्रदेश लेखा नियन्त्रकको कार्यालय, (सं) संशोधित*

## ७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म अध्ययनको लागि छनोट गरिएका कोशी प्रदेशका स्थानीय तहहरुले विनियोजित कुल बजेटको २३.६ प्रतिशत रकम खर्च गरेका छन् जसमध्ये चालु खर्चतर्फ विनियोजित बजेटको ३२.९ प्रतिशत र पूँजीगत खर्चतर्फ विनियोजित बजेटको १३.४ प्रतिशत रकम खर्च भएको छ । गत वर्षको सोही अवधिमा विनियोजित कुल बजेटको ३०.७ प्रतिशत रकम खर्च भएको थियो । समीक्षा अवधिमा ती स्थानीय तहहरुले गरेको कुल खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा १४.१ प्रतिशतले कम भएको देखिन्छ ।


**तालिका ७.२: कोशी प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति (रकम रु.करोडमा)**

| उप-शिर्षक | २०८१/८२ (सं) | | २०८२/८३ | | प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट | वास्तविक (साउन-पुस) | बजेट | वास्तविक (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | वास्तविक (y-o-y) |
| **कुल खर्च** | **१,००२.६** | **३०७.५** | **१,१२०.०** | **२६४.२** | **३०.७** | **२३.६** | **-१४.१** |
| चालु | ५६६.६ | १९४.४ | ५६६.० | १८६.२ | ३४.३ | ३२.९ | -४.२ |
| पुँजीगत | ४२६.६ | १०६.४ | ५४०.२ | ७२.५ | २४.९ | १३.४ | -३१.८ |
| वित्तीय | ९.४ | ६.७ | १३.३ | ५.५ | ७१.३ | ४१.० | -१८.७ |
| **कुल प्राप्ती** | **६०५.१** | **२२२.८** | **६११.५** | **२०१.८** | **३६.८** | **३३.०** | **-९.४** |
| आन्तरिक स्रोतबाट प्राप्त | ३४०.६ | १५६.२ | ३६१.० | १३८.८ | ४५.८ | ३८.५ | -११.१ |
| राजश्व बाँडफाँडबाट प्राप्त | २६२.९ | ६६.५ | २४७.५ | ६२.९ | २५.३ | २५.४ | -५.४ |
| अन्य | १.६ | ०.१ | ३.० | ०.० | ६.३ | ०.३ | -९०.० |
| **कुल अनुदान तथा हस्तान्तरण** | **६५४.९** | **२८८.९** | **५०९.३** | **२४३.५** | **४४.१** | **४७.८** | **-१५.७** |
| समानीकरण | २०३.८ | ९६.७ | १४३.२ | ६१.१ | ४७.४ | ४२.७ | -३६.८ |
| समपूरक | १७.० | ३.२ | ७.२ | १.४ | १८.८ | १९.२ | -५६.६ |
| विशेष | २२.७ | ५.८ | ८.२ | ०.० | २५.६ | ०.० | -१००.० |
| सशर्त | ४११.४ | १८३.२ | ३५०.६ | १८१.१ | ४४.५ | ५१.६ | -१.२ |
| **कुल ऋण** | **६.०** | **०.०** | **१.०** | **११.३** | **०.०** | **१,१२८.०** | **०.०** |
| बाह्य | १.० | ०.० | ०.० | ११.३ | ०.० | ०.० | ०.० |
| आन्तरिक | ५.० | ०.० | १.० | ०.० | ०.० | ०.० | ०.० |

*स्रोतः सम्बन्धित स्थानीय तह, (सं) संशोधित*

कोशी प्रदेशका छनोट गरिएका स्थानीय तहहरुले समीक्षा अवधिमा अनुमानित राजस्वको ३३.० प्रतिशत रकम परिचालन गरेका छन् । उक्त राजस्व रकम अघिल्लो वर्षको सोही अवधिमा परिचालन गरेको राजस्वको तुलनामा ९.४ प्रतिशतले ह्रास भएको देखिन्छ । समीक्षा अवधिमा स्थानीय तहहरुले अनुदान तथा हस्तान्तरण वापत अनुमान गरेको रकमको ४७.८ प्रतिशत रकम प्राप्त गरेका छन् । उक्त रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा १५.७ प्रतिशतले कम हो ।

**चार्ट ७.१ : आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका स्थानीय तहहरूको कुल प्राप्ति र अनुदानको संरचना**




*स्रोतः सम्बन्धित स्थानीय तह*

*#कोशी प्रदेशस्थित विराटनगर महानगरपालिका, इटहरी र धरान उप-महानगरपालिका र बजेट विनियोजनको आकारका आधारमा छनोट गरिएका दुई ठूला दमक नगरपालिका र बिर्तामोड नगरपालिका गरी ५ स्थानीय तहहरूको आ. व. २०८१/८२ र २०८२/८३ को विनियोजित बजेट र वास्तविक उपलब्धिको आधारमा गरिएको विश्लेषण।*

# परिच्छेद ८ : आर्थिक परिदृष्य

## ८.१ कृषि उत्पादन

१. हाइब्रिड मकै खेतीतर्फ किसानहरु आकर्षित हुने क्रम यथावत रहेको, थोरै क्षेत्रफलमा पनि उत्पादन राम्रो हुने र मूल्य पनि राम्रो पाइने, फौजी किराको नियन्त्रण कार्यक्रम सञ्चालन आदि कारणले गर्दा गहुँको सट्टा मकै रोज्ने कृषकको संख्या बढ्दै गएको हुँदा गहुँको उत्पादन घट्ने र मकैको उत्पादन बढ्न सक्ने देखिन्छ ।

२. प्रदेशको पहाडी भेगमा बसाइँसराई, युवा जनशक्तिको विदेश पलायन र जंगली जनवारको समस्याले विकराल रुप लिइरहेकोले कृषिको भू-क्षेत्र तथा कृषि उत्पादनमा समेत प्रतिकुल प्रभाव पर्ने देखिन्छ ।

३. कोशी प्रदेशका सबै जिल्लामा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थापना हुनु, पशु नश्ल सुधार कार्यक्रम सञ्चालनको निरन्तरता, पशुलाई खोरेत रोग मुक्त बनाउने अभियान, पशुपन्छीमा लाग्ने महामारी रोग नियन्त्रणका लागि खोप र जैविक सुरक्षा विधिको प्रयोग, कृषि, पशुपन्छी र मत्स्य क्षेत्रमा अनुभव र व्यवसायिक कृषकहरुमा उद्यमशीलता प्रवर्धन गर्न **कृषक सबैभन्दा अगाडी** भन्ने अवधारणाको कार्यान्वयन जस्ता कार्यक्रमहरू प्रदेश सरकारले सञ्चालन गरिरहेकोले दुध तथा पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ ।

४. स्वस्थ माटो, स्वच्छ बाली अभियान सञ्चालन, गुणस्तरीय बीउ उत्पादन र प्रयोग, स्थानीय र निजी क्षेत्रसँगको सहकार्यमा रैथानेबाली, फलफूल, चिया, कफी, अलैंची बालीको उत्पादन, प्रशोधन र बजारीकरणका कार्यक्रमको सञ्चालनले कृषिजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

१. राजनीतिक स्थिरता तथा सरकारले औद्यागिक क्षेत्रको विकासमा सहजीकरणको नीति लिएकोले उद्योगीहरुको मनोबल बढेसँगै औद्योगिक उत्पादन बढ्ने अनुमान रहेतापनि मध्यपूर्वमा उत्पन्न तनावका कारण पेट्रोलियम पदार्थको मूल्यवृद्धि तथा औद्योगिक कच्चा पदार्थको आपूर्ति असहज भई औद्योगिक उत्पादन र रोजगारीमा असर पर्ने देखिन्छ ।

२. नेपालबाट भारतमा निर्यात हुने विभिन्न १० खाद्य समूह अन्तर्गत पर्ने वस्तुको गुणस्तर परीक्षणलाई भारतले पारस्परिक मान्यता दिने भएकोले चियाको उत्पादन तथा निर्यातमा वृद्धि हुने देखिन्छ ।

३. आन्तरिक मागमा आएको सुधारका कारण कोशी प्रदेशमा सञ्चालित उद्योगहरूको औसत क्षमता उपयोग र उत्पादनमा सुधार हुने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

१. पदमार्गमा आधारित पर्यटन प्रवर्धन गर्न तीन तहका सरकारको सह लगानी र स्वीस सरकारको आर्थिक र प्राविधिक सहयोगमा २९ वटा स्थानमा सञ्चालन हुने चियाबारी, फाल्गुनन्द, लालीगुँरास र मुन्धुम पदमार्ग विकास कार्यक्रम सञ्चालन प्रदेश सरकारबाट भइरहेकोले पदमार्गमा आधारित पर्यापर्यटन प्रवर्धन हुने देखिन्छ ।

२. कोशी प्रदेशमा अत्याधुनिक सुविधा सम्पन्न तारे होटल तथा क्यासिनो सञ्चानल गर्ने होटलको संख्या बढिरहेको साथै स्काईवाक, जीपलाइन, प्याराग्लाइडिङ्ग, फनपार्क लगायतका साहसिक एवम् मनोरञ्जनात्मक पर्यटनका क्षेत्रहरुको विस्तारले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गरी पर्यटन क्षेत्रमा योगदान पुग्ने देखिन्छ ।

३. बैंक तथा वित्तीय संस्थाका शाखा सञ्जालमा भएको विस्तारका कारण बैंकिङ सेवामा जनताको पहुँच क्रमशः बढ्दै गएको छ र मोवाइल बैकिङ सेवा लिने ग्राहकको संख्या बढेसँगै डिजिटल बैंकिङ सेवा बढ्दै जाने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

१. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा कोशी प्रदेशमा ११३.९ मेगावाट विद्युत थप उत्पादन भएको र जलविद्युतका परियोजनाहरू निर्माणाधीन अवस्थामा रहेको साथै विद्युत प्रसारण लाइनको विस्तार कार्य पनि सम्पन्न हुने चरणमा रहेको हुँदा विद्युत आपूर्ति बढ्ने देखिन्छ ।

२. महेन्द्र राजमार्ग अन्तर्गतको काँकरभिट्टा–लौकही सडक खण्डको विस्तारको काम सुरु भएको, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, मध्य पहाडी लोकमार्ग लगायत ठूला सडक आयोजनाहरुको निर्माण कार्य अन्तिम चरणमा रहेको, तराईबाट पहाड जोड्ने उत्तर-दक्षिण सडकहरु कालोपत्रे भएको र अन्य शाखा सडकहरु समेत कालोपत्रे हुने चरणमा रहेकोले आगामी दिनमा गुणस्तरीय सडक विस्तार भई यातायात सहज हुने देखिन्छ ।

३. विराटनगर विमानस्थलको आधुनिक टर्मिनल भवन निर्माण अन्तिम चरणमा रहेकोले निर्माण पश्चात नयाँ टर्मिनल भवनले अधिकतम यात्रुलाई सेवा दिन सक्नुका साथै भारतका कोलकता, सिलिगुढी, आसाम, वनारस जस्ता शहरहरुसँग सम्पर्क कायम हुनगई यस क्षेत्रको व्यापार, पर्यटन प्रवर्द्धन हुने देखिन्छ ।

४. कोशी प्रदेश सरकारले बजेट मार्फत बहुवर्षीय सडक पूर्वाधार तथा सहरी विकासका लागि बजेट विनियोजन भई कार्यान्वयनको चरणमा रहेकोले यस प्रदेशमा विभिन्न पूर्वाधारहरु निर्माण हुनुका साथै रोजगारी सिर्जना हुने देखिन्छ ।